जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक १७३ • २०८१ साल मंसिर ०४ गते मंगलबार (19 November, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

### सर्किट हाउसमा समेत बास पाएनन् मन्त्री
# विश्वहिन्दू परिषद्को टोली फिर्ता, सरकारी टोली मंगलवार फर्किने

**टुडे समाचारदाता**

जनकपुरधाम । विश्वहिन्दू परिषद् धनुषाले अयोध्यामा राममन्दिर ट्रष्टका सचिव चम्पत्त राय र विश्व हिन्दू परिषद् अयोध्याका महासचिव राजेन्द्र सिंह पंकजलाई तिलक हस्तान्तरण गरी सोमवार फर्किएको छ ।

परिषद् धनुषाले भगवान सीताराम विवाह महोत्सवमा सहभागी हुन अयोध्या तिलक लिएर गएको थियो ।विगतमा जानकी मन्दिरले भोजपत्र(निम्तो पत्र) हजाम (ठाकुर)मार्फत अयोध्या राममन्दिरका सन्तहरुलाई पठाउने गरेको थियो ।तर यस पटक विश्वहिन्दू परिषद् धनुषाले विश्वहिन्दू परिषद् अयोध्याको विशेष आग्रहमा तिलकको भारसँगै भोजपत्र लिएर गएको थियो ।

परिषद्ले पूर्व निर्धारित कार्यक्रम अनुसार सोमवार बिहान राममन्दिर ट्रष्टका सचिव राय र विश्वहिन्दू परिषद्का महासचिवलाई हस्तान्तरण गरेको तिलक कार्यक्रमलाई भगवान रामको तिलकोत्सव लेखिएको बैनर लगाइएको थियो ।

तिलक हस्तान्तरण कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंह, उनीसँगै गएका मधेश प्रदेशका मन्त्रीहरु, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह लगायत श्रद्धालुहरुको सहभागिता रहेको थियो ।अयोध्या जिल्लाको




अतिथि गृहमा मुख्यमन्त्री सिंहले बहुत मुस्किलले बास पाए पनि मन्त्री र सभासदहरु राममन्दिर ट्रष्टको धर्मशालामा बसेका छन् ।

बिना सरकारी आमन्त्रण अयोध्या पुगेका मुख्यमन्त्री सिंह , मन्त्री र सभासदहरुले हदै सम्मको तिरस्कार सहनु परेको सहभागी एकजना मन्त्रीले बताए ।'हामी अचानक आइपुगेको कारण विशिष्ट व्यवस्था हुन सकेन्' मन्त्रीले भने, मुख्यमन्त्री बसेको सर्किट हाउसमा लामखुट्टेको प्रकोप रहेकाले ट्रष्टको धर्मशालामा बसेका छौ ।

तर राममन्दिरमा दर्शनका लागि लाम लाग्नु नपरेको उनले बताए । 'विश्वहिन्दू परिषद्का सदस्यहरुले सोझै मन्दिरमा लगेर दर्शन गराइदिएको हो' उनले भने, हाम्रो स्वागतमा विश्वहिन्दू परिषद्का महासचिव राजेन्द्र सिंह पंकज लगायतको टोली रहेको थियो ।

मुख्यमन्त्री सिंह सहितको सरकारी टोलीलाई अयोध्याका कुनै सरकारी कर्मचारी अथवा नगर निगमका पदाधिकारीहरुले भेंटेनन् ।मुख्यमन्त्री सिंहलाई विश्वहिन्दू परिषद् अयोध्याका महासचिव पंकज र राममन्दिर ट्रस्टका सचिव रायले आग्रहमा निम्तो पठाए पनि अन्य मन्त्री र सभासदहरुलाई कुनै आमन्त्रण आएको थिएन् । मन्त्रीहरु अयोध्या जाँदा परराष्ट्र मन्त्रालयको स्वीकृति समेत लिएका छैनन् ।निम्तो बिना निम्तो दिन गएका मुख्यमन्त्री सिंह लगायतका मन्त्रीहरुको भारतमा कुनै प्रतिष्ठा नरहेको भारसँगै गएका श्रद्धालु, व्यवसायीहरुले जनाएका छन् ।

तिलकको भारको नेतृत्व गरेको विश्वहिन्दू परिषद् धनुषाका अध्यक्ष सन्तोष साहको समूहमा मुख्यमन्त्री सिंह लगायत उनको टोली आइतवार वीरगञ्जबाट मिसिएको थियो ।

भगवान रामको तिलक अयोध्यामै गएर गरिसकेपछि जानकी मन्दिरले आयोजनागर्दै आएको तिलकोत्सवमाथि समेत ग्रहण लागेको छ ।'जानकी मन्दिरले हजाम मार्फत पठाउने भोजपत्र(निम्तो)लिएर गएको टोलीले भगवान रामलाई तिलक चढाइसकेपछि एउटै विवाहका लागि कतिपटक तिलक चढाइने भने प्रश्न उठेको छ ।

मिथिलामा हुने बेहुलालाई एक पटक मात्र तिलकोत्सव हुन्छ ।अयोध्यामै तिलकोत्सव भइसकेपछि राममन्दिरमा फेरि कसरी तिलकोत्सव गरिने? गौ संरक्षण मञ्चका अध्यक्ष जगदीश महासेठले प्रश्न उठाएका छन् । परम्परागत मूल्य र मान्यता विपरीत अयोध्या तिलक लगिएको भन्दै उनले विरोध जनाउदै आएका छन् ।मुख्यमन्त्री सिंहसँगै अयोध्यामा रहेका एकजना मन्त्रीले मंगलवार बिहानै जनकपुरधामका लागि प्रस्थान गरिने जनाएका छन् ।

# महोत्तरीको उपचुनाव चर्चामा

**टुडे समाचारदाता**

जलेश्वर । मधेश प्रदेशको महोत्तरी जिल्ला अन्तर्गत रामगोपालपुर नगरपालिकाको वडा नम्बर २ मा हुने वडा अध्यक्षको उपचुनाव चर्चामा छ ।

रामगोपालपुर नगरपालिकाको वडा नम्बर २ नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवको गृह वडा हो ।

मुसलमान जातिको बाहुल्यता रहेको सो वडामा नेपाली कांग्रेस, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा), राप्रपा, जनमत पार्टीले सोही जातिबाट उम्मेदवार उठाएका छन् ।

नेकपा माओवादी र राजपा नेपालले यादव जातिबाट उम्मेदवार बनाएका छन् ।सो वडामा यस अघि माओवादी केन्द्रका वडा अध्यक्ष थिए । माओवादीले स्व.वडाअध्यक्षकी विधवा आइतीकुमारी यादवलाई उम्मेदवार बनाएको छ ।तर एमालेका सरोज यादवले आफ्नै पार्टीका उम्मेदवार जित्ने दावी गरेका छन् ।

Coca-Cola
Beverages Nepal


**बितरकको आवश्यकता**

यस बोटलर्स लि./बोटलर्स नेपाल (तराई) लि. ले विश्व प्रशिद्ध ब्राण्ड कोका-कोला, फ्यान्टा, स्प्राइट तथा किन्ले उत्पादन गर्दै आएको सर्वविदितै छ । नेपाली उपभोक्ता हरुबाट अत्याधिक रुचाइएका यी उत्पादनहरु **जनकपुर** र **यदुकुवा** क्षेत्रमा वितरण गर्नका लागि आधिकारीक वितरकको आवश्यकता परेको हुनाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले आफुले गर्न सक्ने लगानी, जनशक्ति, गोदाम, हाल गरिरहेको व्यवसाय र व्यवसायिक अनुभवको विवरण सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तल उल्लेखित ठेगानामा सम्पर्क गर्नहुन जानकारी गराईन्छ ।

सम्पर्कः ईमेलः abasyal@coca-cola.com.np
मोबाईलः 9802926255

बोटलर्स नेपाल लि.
बालाजु, काठमाडौं



# सुक्खा बन्दरगाहको राजस्व साढे सोह्र अर्ब

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्जको सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा १६ अर्ब ५५ करोड २६ लाख ९९ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । वीरगञ्जको सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालु आवको साउनदेखि कात्तिकसम्म उक्त राजस्व सङ्कलन गरेको हो ।



सुक्खा बन्दरगाह भन्सार कार्यालयको तथ्याङ्कका आधारमा भन्सार कार्यालयले चालु आवको साउनमा तीन अर्ब ७५ करोड २२ लाख ११ हजार रुपैयाँ, भदौमा चार अर्ब ६४ करोड ३० लाख २७ हजार रुपैयाँ, असोजमा चार अर्ब ३६ करोड ४५ लाख २५ हजार रुपैयाँ र कात्तिकमा तीन अर्ब ७९ करोड २९ लाख ३६ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

भन्सार विभागले दिएको १९ अर्ब ५८ करोड ९७ लाख ८२ हजार रुपैयाँ राजस्व सङ्कलनको लक्ष्यमा कार्यालयले तीन अर्ब तीन करोड ७० लाख ८३ हजार रुपैयाँ कम राजस्व असुली गरी १६ अर्ब ५५ करोड २६ लाख ९९ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको हो ।

गत आव २०८०/८१ को पहिलो चार महिनामा कार्यालयले १६ अर्ब ७५ करोड ३१ लाख ५५ हजार रुपियाँ राजस्व सङ्कलन गरेको थियो । उक्त आवको पहिलो चार महिनामा सङ्कलित राजस्वभन्दा २० करोड चार लाख ५६ हजार रुपैयाँ कम राजस्व चालु आवको पहिलो चार महिनामा सङ्कलन भएको हो ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले विदेशी मुलुकबाट वस्तु तथा सामान आयात घट्दा राजस्व सङ्कलनमा कमी आएको बताए । उनले चाडपर्वको समयमा धेरै बिदा भएकाले पनि पछिल्ला महिनामा विदेशबाट वस्तु तथा सामानको आयात घटेकाले राजस्व सङ्कलन पनि घटेको बताए । सुक्खा बन्दरगाह भन्सार कार्यालयले चार महिनाको अवधिमा कुल वार्षिक लक्ष्य ६० अर्ब चार करोड ८७ लाख ९७ हजार रुपियाँको २७.५७ प्रतिशत राजस्व सङ्कलन गरेको छ ।

# उत्पादन घटेपछि परनिर्भर बन्दै लहान

**टुडे समाचारदाता**

लहान । केही वर्ष पहिले तरकारी उत्पादनमा आत्मनिर्भर रहेको लहान यतिबेला परनिर्भर हुन थालेको छ । लहानको मुख्य चोकमा रहेको तरकारी बजारमा साँझ बिहान तरकारी खरिद गर्नेहरूको भीड लागेको हुन्छ । तरकारी खरिद गर्न आउने उपभोक्तालाई यतिबेला भारतीय बजारबाट आएको तरकारी महँगोमा खरिद गर्नुपर्ने बाध्यता रहेको स्थानीयको भनाइ छ ।



भारतीय बजारबाट बिनाजाँच आएको तरकारी स्वास्थ्यका लागि अहितकर रहेको उपभोक्ताको बुझाइ रहे पनि प्रशासनले चासो नदिएको गुनासो छ । लहान वडा -७ का पूर्व वडाध्यक्ष राकेश रोशन गुप्ताले भने, "उमेर ५० वर्षभन्दा बढी हुन लाग्यो यत्रो महँगो तरकारी कहिले पनि खरिद गर्नुपरेको थिएन । स्थानीय किसानहरूले पहिले बजारमा पुग्ने तरकारीको आपूर्ति गर्दा मूल्य पनि कम हुन्थ्यो ।"

महँगो मूल्यमा खरिद गर्नुपरेको तरकारी भारतीय बजारबाट आइरहेकाले कति विषादी हुन्छ, यसको कुनै जाँच नभएको उपभोक्ताले बताएका छन् । लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाई लहानमा भइरहेको पाँचसय हेक्टर खेतीमा हुने तरकारी खेती घटेको बताए ।

तरकारी पकेट क्षेत्र रहेको वडाहरूमा उत्पादन घटेपछि भारतीय तरकारीमा परनिर्भर हुनु परेको कतिपयको भनाइ छ । तरकारी उत्पादन घट्नुको प्रमुख कारण युवाहरू तरकारी खेतीभन्दा वैदेशिक रोजगारीमा जान थालेपछि घरमा रहेका महिला र वृद्धवृद्धाले तरकारी खेती गर्न नसकेको अवस्था छ ।

लहान नगरपालिकाको तरकारी खेतीप्रति युवाहरूमा आकर्षण ल्याउन कृषि शाखा प्राविधिकको संख्या बढाउनुपर्ने माग छ । तरकारी खेती आकर्षण प्याकेट ल्याउन पहल थाल्नुपर्ने विषयमा गम्भीर हुन आवश्यक रहेको लहान -२३ का वडाध्यक्ष बद्रीनारायण यादवले बताए । उनका अनुसार भारतीय बजारबाट बिहानै दुई मिनीट्रक तरकारी आउँदा त्यसको कुनै जाँच भारतीय सीमामा भइरहेको छैन । प्रहरी र भन्सारको मिलेमतोमा आइरहेको तरकारीस्वास्थ्यकाहिसाबलेकमजोर रहेको छ ।

लहान-१३ का तरकारी खेतीतर्फ लाग्नु भएको कृषक सत्यनारायण यादव भन्छन्, 'यस भन्दाअघि वडा सदस्यमा समेत निर्वाचित हुँदा पनि आफू एक बिघा तरकारी खेती गरेर वर्षको पाँच लाखभन्दा बढी आम्दानी गर्दथे । नगरपालिका कृषि शाखाले जुन किसिमको तरकारी खेतीको लागि रणनीति बनाउनुपर्ने हो, त्यस किसिमको रणनीति बन्न नसक्नु वैदेशिक रोजगारमा जाने युवालाई तरकारी खेतीतर्फ आकर्षण गराउन बजार र पुँजीको व्यवस्था गर्नुपर्ने कतिपयको सुझाव छ ।

लहान, धनगढीमाई, गोलबजार, मिर्चैयार र कर्जन्हा नगरपालिकाको उत्तरी भेग, सुखीपुर नगरपालिका, नरहा, विष्णुपुर र अर्नमा गाउँपालिका गरी हजारौं हेक्टरमा तरकारी उत्पादन गरेर भारतीय बजारमा निर्यात गर्नुपर्ने तरकारी भारतीय बजारबाट ल्याउनु परिरहेको वातावरणविद् दिनेश यादवले बताए ।

# कर दिवसको उपलक्ष्यमा रक्तदान

**टुडे समाचारदाता**

जनकपुरधाम । कर प्रणालीको सार लगानीको आधार मूल नाराको साथ १३ औं राष्ट्रिय कर दिवस राष्ट्र व्यापी रुपमा मनाईदैछ ।

आन्तरिक राजश्व कार्यालय जनकपुरधामले सप्ताह व्यापी कार्यक्रम अन्तर्गत तेश्रो दिन सोमवार रक्तदान कार्यक्रम गरी मनाइएको छ ।



रक्तदान कार्यक्रममा कार्यालयका प्रमुख कर अधिकृत आनन्द कुमार गुप्ता लगायत २७ जनाले रक्तदान गरेका थिए । गत मंसिर १ गते शनिबार देखि शुरु भएको कार्यक्रम पहिलो दिन कार्यालयबाट सचेतना अभिवृद्धीको लागि प्ले कार्ड सहित मुरली चौक हुँदै जानकी मंदिर पुगी प्रभातफेरी कार्यक्रम गरी सम्पन्न भएको थियो ।

सोमबार कार्यालयमा पहिलो सेवा लिन पुगेका सेवाग्राही रिना कुमारी दासलाई सम्मान प्रमुख कर अधिकृत गुप्ताले गरेका थिए । सप्ताहव्यापी चौथो दिन आज (मंगलबार) करदाता शिक्षा कार्यक्रम रहेको प्रमुख कर अधिकृत गुप्ताले जनाए ।

# महिला मृत्युदर घटाउन निशुल्क 'एचपीभी' खोप

काठमाण्डु । आगामी माघ २२ गतेदेखि देशैभर पाठेघरको मुखमा हुने क्यान्सर विरुद्धको 'एचपीभी खोप' निःशुल्क दिइने भएको छ ।

पछिल्लो समय पाठेघरको मुखमा हुने क्यान्सरका कारण अकालमा मृत्यु हुनेको स्र्‍ या बढ्दो छ । उक्त जोखिम न्यूनीकरण गर्ने उद्देश्यले करिब १७ लाख किशोरीलाई खोप दिन लागिएको स्वास्थ्य तथा जनस्र्‍ या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले विश्व क्यान्सर दिवस (फेब्रुअरी ४) को सन्दर्भ पारेर विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीलाई खोप दिन लागिएको जानकारी दिनुभयो । उहाँका अनुसार १६ लाख ८८ हजार सात सय ६८ किशोरीलाई खोप दिइने लक्ष्य छ ।उहाँले भन्नुभयो, "१७ लाख किशोरीहरुलाई खोप लगाउने अनुमान गरेका छौं । सम्पूर्ण विद्यालय र स्वास्थ्य केन्द्रहरु खोप केन्द्रको रुपमा प्रयोग हुने छन् । यो खोप लगाएपछि ९० देखि ९५ प्रतिशत सम्म पाठेघरको मुखमा हुने क्यान्सरबाट सुरक्षित बनाउँछ ।"




स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको खोप शाखा प्रमुख डा अभियान गौतमका अनुसार १८ हजार नौ सय विद्यालयमा खोप केन्द्र र आठ हजार दुई सय अन्य खोप केन्द्र रहनेछन् भने २७ हजार ८० जना स्वास्थ्यकर्मीहरु परिचालित हुनेछन् । उक्त अभियानमा ५४ हजार एक सय ६० जना स्वयंसेवक खटाइनेछन् । १५ हजार छ सय ७४ सुपरिवेक्षकहरु संलग्न हुनेछन् ।उहाँले भन्नुभयो, "यो विद्यालय केन्द्रित खोप अभियान हो । माघ २२ गतेदेखि फागुन ६ गतेसम्म देशभरि एकै पटक सञ्चालन गर्ने तयारीमा छौं ।"

**प्रत्येक दिन चार जनाको मृत्यु**

पाठेघरको मुखमा हुने क्यान्सरको बिरामीको स्र्‍ या र मृत्यु हुने स्र्‍ या नेपालमा बर्सेनी बढ्दै गएको छ । महिलामा हुने क्यान्सरमध्ये नेपालमा यो पहिलो स्थानमा र विश्वमा हुने क्यान्सरहरुमा यो चौथो स्थानमा छ । विश्व स्वास्थ्य सङ्गठनको सन् २०२० को तथ्याङ्कअनुसार यो क्यान्सर हरेक वर्ष पाँच लाख ७० हजार महिलालाई हुने र सन् २०३० सम्ममा सात लाखसम्म पुग्ने अनुमान गरिएको छ । त्यसैगरी हरेक वर्ष तीन लाख ११ हजार महिला यसैका कारण मृत्यु हुने र सन् २०३० सम्ममा चार लाख पुग्ने अनुमान गरिएको छ ।

नेपालमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु भइरहेको तथ्याङ्क छ । 'ग्लोबल क्यान्सर अब्जरभेटरी २०२२' का अनुसार हरेक वर्ष नेपालमा दुई हजार एक सय ६९ जना महिलामा यस्तो क्यान्सर हुने अनुमान गरिएको छ । हरेक वर्ष एक हजार तीन सय १३ जना महिलाको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने र औसतमा प्रत्येक दिन चार जना महिलाको यो क्यान्सरबाट मृत्यु हुने अनुमान छ ।

पाठेघरको मुखको क्यान्सर निवारणलाई सरकारले प्राथमिकतामा राख्दै आएको छ । नीति तथा कार्यक्रममा यो विषय समावेश गरी तीन पटक घोषणा गरिसकेको छ । राष्ट्रिय खोप कार्यक्रममा एचपीभीलाई समावेश गर्न सरकारले आव २०७२/७३ र २०७३/७४ मा 'ग्लोबल अलाएन्स फर भ्याकसिन्स एण्ड इम्युनिजेसन' (गाभी) को सहयोगमा अध्ययनस्वरूप कास्की र चितवनमा सफलतापूर्वक 'पाइलट कार्यक्रम' सञ्चालन गरिसकेको छ । आव २०८०/८१ मा 'डेमोन्स्ट्रेसन' को रुपमा हरेक प्रदेशको १-१ वटा अस्पतालमा १० हजार किशोरीलाई यो खोपको दुई मात्रा दिइ सकिएको छ ।

खोप शाखाले खोप सेवा सञ्चालन निर्देशिकामा आव २०८१/८२ स्वीकृत गरी खोप अभियान सञ्चालन र नियमित खोप सेवा सञ्चालनको तयारीमा गरेको छ । खोप शाखा प्रमुख डा गौतमले खोप यही पुसको मध्य सम्ममा आइपुग्ने बताउनुभयो । उहाँका अनुसार खोप गाभी र नेपाल सरकारको संयुक्त सहकार्यमा आइरहेको छ । "अर्को वर्षदेखि माघ वा फागुनतिर हरेक वर्ष यसरी नै खोप दिइनेछ । यसअघि दुई मात्राको खोप दिएका थियौं । यो पटक एक मात्राको खोप लगाए पुग्ने छ", उहाँले भन्नुभयो । यो अभियानका लागि १७ लाख ७० हजार २० मात्रा खोप छिट्टै आइपुग्ने उहाँको भनाइ छ ।

**के हो एचपीभी खोप ?**

चिकित्सकका अनुसार पाठेघरको मुखमा हुने क्यान्सरबाट बच्न सुरुवाती अवस्थामा उपचार गर्न सकिएमा यसबाट बच्न सकिन्छ । पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउन यस भाइरस विरुद्ध दिइने खोप नै एचपीभी हो । पाठेघरको मुखको क्यान्सरको प्रमुख कारण एचपीभी नामक भाइरस हो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार पाठेघरको मुखमा हुने क्यान्सरमध्ये ९५ प्रतिशतभन्दा बढी क्यान्सर एचपीभीले गराउँछ ।

नेपालमा ८० प्रतिशत पाठेघरको मुखको क्यान्सर एचपीभीको प्रजाति १६ र १८ बाट भएको देखिन्छ । यो रोगबाट बच्न एचपीभी खोप नै प्रमुख उपाय हो । यौनसम्पर्क भइनसकेका नौदेखि १४ वर्ष उमेर समूहका बालबालिकाका लागि विश्व स्वास्थ्य सङ्गठनले एचपीभीको खोप सिफारिस गरेको छ । यो खोप लगाएपछि क्यान्सर नै हुँदैन भन्ने नभए पनि जोखिमलाई धेरै हदसम्म घटाउँछ । क्यान्सर रोक्न नियमित स्क्रिनिङ आवश्यक रहने विशेषज्ञ चिकित्सकहरु बताउँछन् ।

सन् २०३० सम्म क्यान्सर निवारण गर्न विश्व स्वास्थ्य सङ्गठनले अन्तर्राष्ट्रिय रणनीति बनाएको छ । जसमा (९०-७०-९०) को लक्ष्य राखिएको छ । ९० प्रतिशत किशोरीलाई १५ वर्षको उमेरसम्म पूर्णरुपमा एचपीभी खोप लगाइसक्ने, ७० प्रतिशत महिलालाई ३५ वर्षसम्म एक पटक र ४५ वर्षसम्ममा पुनः परीक्षण गरिसक्ने, क्यान्सर पुष्टि भएका ९० प्रतिशत महिलाले उपचार पाउने र निको बनाउने लक्ष्य विश्व स्वास्थ्य सङ्गठनले लिएको छ ।रासस

# गरुडाका मेयर जयसवाललाई अभद्र व्यवहार

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडा नगरपालिकाका नगरप्रमुख कन्थमुनी जयसवाललाई उनकै घर अगाडी अभद्र व्यवहार गरिएको छ ।

शिक्षक दरबन्दीको विषयलाई लिएर सुनियोजित रुपमा स्थानीयहरुलाई उचालेर गरुडा बजारमा रहेका नगरप्रमुख जयसवालको घरमा आएर होहल्ला गाली ग्लौज गर्नुका साथै नगरप्रमुख जयसवाल र उनका छोरा शैलेश जयसवाललाई धक्का मुक्की गरेर अभद्र व्यवहार गरेका हुन् ।

निकै सम्झाउदा शिक्षक दरबन्दीको विषय नगरपालिकामा गएर सुल्झाउनुपर्नेमा केही शिक्षकहरुको उस्काहटमा परेर आएका गरुडा नगरपालिका वडा नम्वर ४ का स्थानीय बासिन्दाहरु नगरप्रमुख र उनका छोरामाथि अभद्र रुपमा प्रस्तुत भएको पीडित पक्षले जानकारी दिए ।

गरुडा नपा ४ का रामएकवाल पटेल, विरेन्द्र पटेल, दिलिप पटेल, होस नारायण यादव, श्याम यादव, छोटेलाल पटेल र लालबाबु यादव विरुद्ध अभद्र मुद्दा चलाउन इलाका प्रहरी कार्यालय गरुडामा लिखित रुपमा उजुरी दिएको नगरप्रमुख जयसवालको छोरा शैलेश जयसवालले बताए । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले सामान्य भनाभन भएको तर कसैमाथि आक्रमण नभएको बताउँदै आवश्यक अनुसन्धान गरिरहेको बताएका छन्।

# चकलेट किनिदिने प्रलोभन देखाएर बलात्कार

**टुडे समाचारदाता**

वीरगञ्ज । बारामा चकलेट किनिदिने प्रलोभन देखाएर बालिका बलात्कार गरिएको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

निजगढ नगरपालिका-१३ मा सोमबार बिहान १२ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा एक जनालाई पक्राउ गरिएको बारा प्रहरी प्रवक्ता प्रकाश सापकोटाले जानकारी दिए । ती पुरुषले बालिकालाई चकलेट किनिदिने भन्दै जंगलमा लगेर बलात्कार गरेको प्रवक्ता सापकोटाले बताए । बलात्कारको आरोपमा पक्राउ परेका पुरुष ४१ वर्षीय रहेको बारा प्रहरीले जनाएको छ ।

बालिकाको अवस्था सामान्य रहेको र स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : बौद्धिक क्षमता । |
| वृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




यु १९ महिला क्रिकेट टिमकी कप्तान पुजा महतोलाई फेस अफ जनकपुर बोल्टस् घोषणा गरिएको छ। जनकपुर बोल्टस्ले कप्तान महतोलाई नगद ५० हजार रुपैया सहित सम्मान गरेको छ। *तस्बिर : टुडे*

# देशभरका मालपोत कार्यालयले उठाए दुई अर्ब ७० करोड राजस्व

काठमाण्डु । देशभरका मालपोत कार्यालयले गत कात्तिक महिनामा रु दुई अर्ब ७० करोड ४० लाख ४६ हजार छ सय ४५ बराबरको राजश्व सङ्कलन गरेको छ। घर जग्गाको कारोबारमा अपेक्षित रुपमा सुधार आउन नसकेको कारोबार तथा राजश्व सङ्कलनको प्रवृत्तिले देखाएको छ।

असोज महिनाको तुलनामा कात्तिकमा राजस्व सङ्कलनमा गिरावट आएको हो । असोजमा रु तीन अर्ब आठ करोड १२ लाख ४१ हजार चार सय ८१ बराबरको राजश्व सङ्कलन भएको थियो । भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार चाड पर्वलगायतका कारणले गत असोजको तुलनामा कात्तिकमा राजस्व सङ्कलनमा कमी आएको हो । विभागका अनुसार, काठमाडौं उपत्यकाभित्रका नौ वटा मालपोत कार्यालयहरुमध्ये सबैभन्दा बढी भूमिसुधार तथा मालपोत कार्यालय लगनखेलले रु २४ करोड ५७ लाख ५४ हजार आठ सय ५८ बराबर राजस्व सङ्कलन गरेको छ।

मालपोत कार्यालय गोटीखेल ललितपुरले रु चार लाख ६७ हजार सात सय २०, भक्तपुरले रु १७ करोड ६९ लाख २३ हजार छ सय ४५, डिल्लीबजारले रु १५ करोड ७७ लाख २० हजार पाँच सय ४५ बराबरको राजस्व सङ्कलन गरेको छ। रासस

# कांग्रेस आकस्मिक बैठक: शोक प्रस्ताव पारित, दुई दिन आधा झण्डा झुकाउने



काठमाण्डु । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको आज बसेको आकस्मिक बैठकले पूर्वसभामुख दमननाथ ढुङगानाको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ।

पूर्वसभामुख ढुङ्गानाको ८३ वर्षको उमेरमा आइतबार भएको निधनले कांग्रेस मर्माहत र स्तब्ध भएको निर्णयमा उल्लेख गरिएको छ । नेपालमा लोकतान्त्रिक व्यवस्था र गणतन्त्र स्थापनाका लागि भएका आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नुभएका ढुङ्गाना विसं २०४८ को आमनिर्वाचनमा कांग्रेसका तर्फबाट काठमाडौं निर्वाचन क्षेत्र नं २ बाट विजयी भई २०५१ सम्म प्रतिनिधिसभाको सभामुख हुनुहुन्थ्यो ।

यसैगरी उहाँ विसं २०५१ मा काठमाडौं निर्वाचन क्षेत्र नं २ र २०७४ मा भक्तपुर निर्वाचन क्षेत्र नं २ बाट कांग्रेसको उम्मेदवार हुनुहुन्थ्यो । नेपाली कांग्रेसका विभिन्न पदमा रहेर उहाँले पार्टीको सङ्गठन निर्माणमा सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो ।

माओवादी सशस्त्र द्वन्द्वलाई शान्ति प्रक्रियामा ल्याउन सहजकर्ताको रूपमा समेत उहाँले सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो । मानव अधिकार, न्याय क्षेत्र र लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि ढुङ्गानाले पुऱ्याउनुभएको योगदान सदैव स्मरणीय रहने बैठकपछि कांग्रेसका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गरेको वक्तव्यमा उल्लेख छ । उहाँको निधनबाट सिङ्गो देशले वरिष्ठ कानुनविद्, मानव अधिकारकर्मी, एक अथक योद्धा, निष्ठावान एवं अनुभवी राजनीतिज्ञ गुमाएको छ ।

पूर्वसभामुख ढुङ्गानाको निधनप्रति केन्द्रीय कार्यसमिति बैठकले गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ। दिवङ्गत आत्माको चिरशान्तिको कामनाका साथ शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको छ ।स्वर्गीय ढुङ्गानाप्रति सम्मान प्रकट गर्दै कांग्रेसले सोमबार र मंगलबार दुई दिनसम्म पार्टीको केन्द्रीय कार्यालयमा झण्डा आधा झुकाउने भएको छ । मङ्सिर ४ गते मङ्गलबारका दिन केन्द्रीय कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३औं दिनमा केन्द्रमा शोकसभाको आयोजना गर्ने निर्णय पनि गरिएको छ ।रासस

# प्रमको चीन भ्रमणमा विशिष्टीकृत अस्पतालको एजेण्डा समावेश गर्न प्रस्ताव

गण्डकी । गण्डकी प्रदेश सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणमा पोखरामा क्यान्सर, मुटु, मिर्गौला, जलन, मातृ तथा बाल रोगसहितको विशिष्टीकृत अस्पताल निर्माणको एजेण्डा समावेश गर्न प्रस्ताव गरेको छ ।

प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले मन्त्रीस्तरीय निर्णय र प्रदेश मन्त्रिपरिषद्को सफारिससहितको उक्त प्रस्ताव आइतबार सङ्घ सरकारका मुख्यसचिव एकनारायण अर्यालसमक्ष पेस गर्नुभएको हो । स्रोतसाधन र बजेटको अभावमा एक हजार शय्याको विशिष्टीकृत अस्पताल निर्माणको काम अगाडि बढ्न नसकेकाले भौतिक पूर्वाधार निर्माण, शय्या, औँजार, उपकरणलगायतमा चीन सरकारको सहयोगको अपेक्षासहित उक्त प्रस्ताव गरिएको मन्त्री पाठकले बताउनुभयो ।

"प्रदेश स्थापना भएपछि पहिलो प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाका रुपमा विशिष्टीकृत अस्पताल बनाउने निर्णय गरे पनि स्रोतको अभावमा उक्त काम अझैसम्म अगाडि बढ्न सकेको छैन", उहाँले भन्नुभयो, "प्रधानमन्त्रीको चीन भ्रमणको एजेण्डाका रुपमा यो अस्पताल समावेश भएर परियोजना कार्यान्वयन हुनसक्यो भने गण्डकी प्रदेशवासीले महत्वपूर्ण लाभ लिन सक्छन् ।"

मन्त्री पाठकले गण्डकी प्रदेश चीनको भू-भागसँग जोडिएको र हालै यसै



प्रदेशमा पर्ने कोराला नाकामा अध्यागमन कार्यालयसमेत स्थापना भएको अवस्थामा द्विपक्षीय लगानी तथा सहयोग आदानप्रदानमा थप सहजता थपिएको उल्लेख गर्नुभयो । "विशिष्टीकृत अस्पताल निर्माणमा गण्डकी प्रदेश सरकार र चीन सरकारबीच सहकार्य हुँदाको अवस्थामा दुवै देशका स्वास्थ्य क्षेत्रका अनुसन्धानकर्ता र विशेषज्ञका लागि अध्ययन तथा अनुसन्धानको अवसरसमेत सिर्जना हुन्छ", उहाँले भन्नुभयो ।

उक्त अस्पताल स्थापना भएपछि क्यान्सर, मुटु, मिर्गौला रोग, जलन जस्ता जटिल स्वास्थ्य समस्यामा हुँदा सर्वसाधारणले प्रदेशमै गुणस्तरीय सेवा पाउने स्वास्थ्य मन्त्रालयले जनाएको छ । अस्पतालमा एयर एम्बुलेन्ससहित आपतकालीन उद्धार सेवा उपलब्ध भई दुर्घटना तथा स्वास्थ्य विपद् व्यवस्थापनमा सहयोग पुग्ने जनाइएको छ ।

प्रस्तावित उक्त अस्पतालबाट परम्परागत चिनियाँ उपचार, आयुर्वेद चिकित्सा जस्ता सेवासमेत उपलब्ध गराउने उद्देश्य लिइएको मन्त्री पाठकले बताउनुभयो । पछिल्लो समय मुटु, मिर्गौला, क्यान्सर जस्ता रोगको बिरामीको सङ्ख्या बढ्दै गएकाले यी रोगको उपचारका लागि जिल्ला अस्पतालको रिफरल अस्पतालका रुपमा एकीकृत सेवासहितको विशिष्टीकृत अस्पताल निर्माणको योजना अगाडि बढाइएको उहाँको भनाइ छ ।

मन्त्री पाठकले केही समयअघि प्रधानमन्त्री ओलीलाई भेटी कास्कीको पोखरा महानगरपालिका-१६ स्थित जौवारी सिँचाइ विभागको २०० रोपनी जग्गा सोही अस्पताल निर्माण प्रयोजनका लागि प्रदेश सरकारलाई उपलब्ध गराइदिन माग गर्नुभएको थियो ।

प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा विशिष्टीकृत अस्पतालको योजना समेटिँदै आए पनि जग्गा र बजेट अभावका कारण कार्यान्वयनमा आउन सकेको छैन । "प्रधानमन्त्रीसमक्ष जग्गा व्यवस्थापनलगायत विभिन्न १२ वटा माग मन्त्रालयकातर्फबाट पेस गरिएको छ, प्रधानमन्त्रीले आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाउनुभएको छ", उहाँले भन्नुभयो ।

जटिल रोगको उपचार सेवाका लागि सर्वसाधारण काठमाडौं जानुपर्ने बाध्यता अन्त्यका लागि पोखरामा सुविधासम्पन्न विशिष्टीकृत अस्पताल अत्यावश्यक रहेको मन्त्री पाठकले बताउनुभयो । स्वास्थ्य क्षेत्र सुधारको लक्ष्यसहित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर मन्त्रालयले काम सुरु गरेको मन्त्री पाठकको भनाइ छ । स्वास्थ्य क्षेत्रको नीतिगत, संस्थागत र संरचनागत सुधारको खाकासहित भावी कार्ययोजना बनाइएको उहाँले बताउनुभयो ।रासस

# नेपाल र बङ्गलादेशबीच जलवायुका विषयमा सहकार्यको महत्व छः मन्त्री शाही

बाकु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही र बङ्गलादेशका वन, वातावरण र जलवायु परिवर्तनसम्बन्धी मन्त्री स्येदा रिजवाना हसनबीच भेटवार्ता भएको छ ।

अजरबैजानका बाकुमा जारी जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२९) स्थलमा सोमबार उहाँहरुबीच भएको भेटमा द्विपक्षीय आपसी हित र सहयोगका विविध पक्षमा कुरा भएको भेटमा सहभागी मन्त्रालयका उपसचिव दीपा ओलीले जानकारी दिनुभयो ।



भेटमा मन्त्री शाहीले बङ्गलादेश र नेपालबीच जलवायु परिवर्तनको विषयमा धेरै समानता भएकाले यस विषयमा दुई देशको सहकार्यको ठूलो महत्व रहेको बताउनुभएको थियो ।साथै उहाँले बङ्गलादेश र नेपाल बीचको ऊर्जा व्यापार सम्झौतालाई निष्कर्षमा पुऱ्याउन, उहाँको महत्वपूर्ण भूमिका र नेतृत्वका लागि आभार व्यक्त गर्नुभयो । यसैको परिणामस्वरूप, नेपालले १६ नोभेम्बर २०२४ देखि औपचारिक रूपमा ४० मेगावाट जलविद्युत् बङ्गलादेशलाई निर्यात गर्न सुरु गरेको छ ।

मन्त्री शाहीले भन्नुभयो, "सन् २०२६ को अन्त्यमा हाम्रा दुवै राष्ट्रहरु अति कम विकसित मुलुकको स्तरबाट अघि बढ्ने भएकाले त्यस बेलाका लागि पनि यो सहकार्य अझ महत्वपूर्ण हुनेछ ।"

सो अवसरमा बङ्गलादेशका वन, वतावरण र जलवायु परिवर्तनसम्बन्धी मन्त्री हसनले कूटनीतिक सम्बन्ध स्थापित भएदेखि नै नेपालसँग सुदृढ सम्बन्ध र सहकार्य रहँदै आएको बताउँदै आगामी दिनमा थप विस्तार हुने अपेक्षा गर्नुभएको थियो । सन् १९७१ मा बङ्गलादेशको स्थापनालगत्तै नेपाल र बङ्गलादेश बीचको द्विपक्षीय सम्बन्ध स्थापित भएको हो ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९) यही कात्तिक २६ गतेदेखि जारी छ । आगामी मङ्सिर ७ गतेसम्म चल्ने सम्मेलनमा अनुकूलन, हानि-नोक्सानी, जलवायु वित्त, प्रविधि विकास र हस्तान्तरण, क्षमता विकास, अल्पविकसित राष्ट्रहरुको विषय, जलवायु प्रतिकार्यको कार्यान्वयनको प्रभाव, पेरिस सम्झौताको दफा ६, पेरिस सम्झौताको वैश्विक मापन, महासन्धिको दीर्घकालीन विश्वव्यापी लक्ष्यको प्रगति, जस्ट ट्रान्जिसनसम्बन्धी वर्क प्रोग्राम, न्यूनीकरणसम्बन्धी वर्क प्रोग्राम, लैङ्गिक र जलवायु परिवर्तनलगायत विषयमा छलफल भइरहेको छ ।रासस

# चीन र नेपालको सम्बन्ध जनस्तरमा विस्तार आवश्यक: वरिष्ठ उपाध्यक्ष पोखरेल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले नेपाल र चीनबीचको सम्बन्ध जनस्तरसम्म विस्तार गर्नुपर्नेमा जोड दिनुभएको छ ।

चिनियाँ कम्युनिष्ट पार्टी विदेश विभागको निमन्त्रणामा चीन भ्रमणमा रहनुभएका पोखरेलले आइतबार हुवई प्रदेश जनसरकारले आयोजना गरेको विशेष कार्यक्रमलाई सम्बोधन गर्दै दुई देशका जनताको तहमा सम्बन्ध विस्तारित गर्नका लागि दुई देशका प्रदेश र स्थानीय तहबीच भगिनी सम्बन्ध वृद्धि आवश्यक रहेको बताउनुभयो । "चीन र नेपाल सरकार तथा चिनियाँ कम्युनिष्ट पार्टी र एमालेबीच गहिरो ऐतिहासिक सम्बन्ध छँदैछ । अब जनस्तरमा पनि सम्बन्ध विस्तार गर्न जरुरी छ", उहाँले भन्नुभयो ।



गत हप्ता लुम्बिनी प्रदेशका मुख्यमन्त्रीले गर्नुभएको भगिनी प्रदेश सिचुवान र तिब्बतको नाछु प्रदेशका प्रमुखले गर्नुभएको भगिनी पालिका टोखा नगरपालिकाको भ्रमणले दुई देशबीचको सम्बन्ध थप बलियो बनाउनमा महत्वपूर्ण योगदान पुगेको उहाँले स्मरण गर्नुभयो । उहाँले मित्रताको साक्षी ईतिहास, भूगोल, राजनीतिक, धार्मिक, सांस्कृतिक लगायतका ऐतिहासिक पक्ष रहेको पनि उल्लेख गर्नुभयो ।

हुवई प्रदेश जनसरकारका गभर्नर तथा चिनियाँ कम्युनिष्ट पार्टी हुवई प्रदेश पार्टीका महासचिब वाङ जोङलिङले चीन र नेपालबीचको सम्वन्ध राम्रो र भविष्य उज्जवल रहेको चर्चा गर्दै सहयोग आदानप्रदानका अनेक क्षेत्र रहेको बताउनुभयो । साथै हुवई विश्वविद्यालयमा आयोजित कार्यक्रममावरिष्ठउपाध्यक्षपोखरेलले नेपालको प्रगतिमा चीनको सहयोग र सद्भाव प्रशंनीय रहेको उल्लेख गर्दै चीनमा नेपाली विद्यार्थीले अध्ययन र बिज्ञता हासिल गर्ने अनुकुल वातावरण बन्ने अपेक्षा गर्नुभयो ।

सो विश्वविद्यालयका उपाध्यक्ष ल्यु चिहङले वैज्ञानिक शिक्षा विस्तारमा सहयोग आदानप्रदान भइरहेको चर्चा गर्दै भविष्यमा थप प्रगति हुने विश्वास ब्यक्त गर्नुभयो ।रासस

# अध्यक्ष दाहाल, नेपाल र सभामुखद्वारा ढुङ्गानाप्रति श्रद्धाञ्जली

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले पूर्वसभामुख दमननाथ ढुङ्गानाप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ । सोमबार ज्ञानेश्वरस्थित सानो गौचरन पुगेर उहाँले ढुङ्गानाको पार्थिव शरीरमा माल्यार्पण गरी सम्मान व्यक्त गर्नुभयो ।

त्यस क्रममा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले ढुङ्गाना नेपालको लोकतान्त्रिक आन्दोलनको एउटा ऐतिहासिक व्यक्तित्वका रुपमा नेपाली जनताले सधैँ सम्झिराख्ने प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "उहाँ र पद्मरत्न तुलाधर शान्ति सम्झौता र संविधानसभाको वातावरण बनाएर देशलाई लोकतान्त्रिक गणतन्त्रमा ल्याउन खेलेको भूमिका अविष्मरणीय छ ।"

नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपालले स्वर्गीय ढुङ्गानाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै २०४६ सालको आन्दोलनलाई सकारात्मक विन्दुमा पुऱ्याउन लोकतान्त्रिक योद्धाका रुपमा योगदान गरेको स्मरण गर्नुभयो । उहाँले भन्नुभयो, "संसद्मा सभामुखका रुपमा निर्वाह गर्दा संसद् प्रतिपक्षको भएकाले उसका आवाज र भूमिकालाई उजागर दिनुपर्छ भन्ने मान्यतामा दृढ हुनुहुन्थ्यो ।"

यसैबीच प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले स्व ढुङ्गानाप्रति श्रद्धाञ्जली अर्पण गर्दै संसद्लाई बलियो तुल्याउने प्रेरणादायी स्रोतका रुपमा संसदीय इतिहासमा स्थापित हुनुभएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "ढुङ्गानाजीले स्थापित गरेका उदाहरण र योगदानका पक्षलाई लिएर जानुपर्छ। त्यसलाई अठोट गरिसकेपछि व्यवहारमा उतार्न सकिन्छ, गर्नुपर्छ ।" यसैबीच नेपाली सेनाले तयार गरेको गाडीमा राखेर सानो गौचरनबाट स्व ढुङ्गानाको शवयात्रा पशुपति आर्यघाटतर्फ अघि बढेको छ ।रासस

# साना तथा मझौला उद्यम विकास केन्द्र स्थापना

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घमा लघु, घरेलु तथा साना मझौला उद्यम विकास केन्द्र स्थापना भएको छ । केन्द्रको उद्घाटन सोमबार राष्ट्रिय योजना आयोगका सचिव मधु मरासिनी, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्ण राउत र महासङ्घ अध्यक्ष चन्द्रप्रसाद ढकालले संयुक्त रुपमा गर्नुभयो ।

केन्द्रले व्यवसाय सञ्चालनका लागि आवश्यक सीप, प्रविधि, र तालिम प्रदान गर्नेछ । साथै, उद्यमीलाई सशक्त बनाउनका लागि बजार व्यवस्थापन, वित्तीय व्यवस्थापन र व्यवसाय रणनीतिसम्बन्धी सहायता पनि उपलब्ध गराउनेछ ।

केन्द्रले उत्पादन क्षमता बढाउन र गुणस्तर सुधार गर्न प्राविधिक सल्लाह तथा उपकरण उपलब्ध गराउने महासङ्घले जनाएको छ । साथै, आधुनिक उत्पादन प्रविधि, यसको प्रयोग र प्रक्रियागत सुधार अपनाउन सहयोग गर्नेछ । केन्द्रले उत्पादित सामग्रीलाई स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन, व्यापार मेला, प्रदर्शनी, र अन्य व्यापार प्रवर्द्धन कार्यक्रममा सहभागी गराई बजार विस्तार गर्न पनि सहजीकरण गर्नेछ ।लघु, घरेलु, साना तथा मझौला उद्यम विकास केन्द्रले व्यवसाय सञ्चालन, व्यवस्थापन, उत्पादन, र विपद् व्यवस्थापनका लागि सल्लाहकार हरूको परामर्श सेवा पनि उपलब्ध गराउनेछ । यसले व्यवसायसम्बन्धी समस्या समाधान गर्न र कानुनी सल्लाह प्रदान गर्न मार्गदर्शन गर्नेछ ।

केन्द्रले उद्यमीहरूलाई व्यवसाय दर्ता, अनुमतिपत्र प्राप्ति, करसम्बन्धी जानकारी र सरकारी नियमको पालना गर्न सहयोग गर्ने महासङ्घको भनाइ छ । त्यस्तै, केन्द्रले नयाँ व्यावसायिक अवसरको पहिचान गर्न सहयोग गर्नेछ र उद्यमीलाई नवप्रवर्तन गर्न, अनुसन्धान गर्न, र आफ्नो व्यवसायमा नवीनता तथा प्रतिस्पर्धात्मक लाभ ल्याउन प्रोत्साहित गर्नेछ ।

साना, घरेलु, र मझौला उद्यमीहरूबीच अनुभव आदानप्रदान, साझेदारी, र सहकार्यलाई प्रोत्साहन गर्न पनि केन्द्रले भूमिका खेल्ने अपेक्षा गरिएको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# भावपूर्ण श्रद्धाञ्जली

नेपालको राजनीतिक द्वन्द्व व्यवस्थापनको कुशल कारिगर वरिष्ठ अधिवक्ता समेत रहेका पूर्व सभामुख दमननाथ ढुंगानाको ८१ वर्षको उमेरमा निधन भएको छ । पेशागत रुपमा कानुन व्यवसायी रहेका ढुंगाना नेपालको लोकतान्त्रिक आन्दोलनमा सकृय भूमिका निर्वाह गरेका थिए ।उनी नेपाली कांग्रेसको टिकटमा २०४८ सालको निर्वाचनमा काठमाण्डुबाट चुनाव जितेर सभामुख बनेका थिए । संसद विपक्षीको हुने उनको अभिव्यक्ति अहिलेपनि स्थापित छ । कांग्रेसको सकृय राजनीतिबाट उनी अलग्गिए पनि माओवादी द्वन्द्व व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गरे । पिछडिएका, आवाजविहीन, अधिकारविहीनहरुको आवाजलाई उनले सशक्त रुपमा उठाउने र त्यसको समाधान गराउने सम्मको भूमिका निर्वाह गरे । कम्युनिष्टलाई लोकतान्त्रिक धारमा ल्याउनपनि उनको भूमिका सकारात्मक थियो । पक्ष र विपक्षलाई एउटै थलोमा राखेर सहमति गराउने उनमा विशिष्ट क्षमता थियो । प्रष्ट बोल्ने, कपट र भ्रमबाट अलग रहने उनको विशेषताले कयौं राजनीतिक विवादलाई मिलाउन सहज हुन्थ्यो । कांग्रेसको राजनीतिबाट अलग भएका ढुंगाना पछिल्लो समय नागरिक अगुवाको रुपमा आफ्नो पहिचान बनाएका थिए । नागरिक अगुवाको रुपमा उनले धेरै आन्दोलन, द्वन्द्व र संघर्षलाई राज्यसित समन्वयकारी भूमिका निर्वाह गरी सम्बोधन गराए ।नेपालमा कम्युनिष्ट र लोकतन्त्रवादी शक्तिलाई एउटै थलोमा ल्याएर पञ्चायत व्यवस्था बिरुद्धको आन्दोलनलाई सशक्त बनाउन निरन्तर सकृय रहेका ढुंगाना चुनावी राजनीतिमा भने असफल रहे । उनी काठमाण्डुको क्षेत्र नम्बर २ बाट विद्यादेवी भण्डारी र भक्तपुरबाट एमालेकै महेश बस्नेतसित चुनावमा पराजित भएका थिए । त्यसपछि उनी काँग्रेसको राजनीतिबाट अलग्गिएका थिए ।कानुन व्यवसायीको रुपमा पनि उनी सफल रहे । पत्रकारिता समेत गरेका ढुंगाना केही समय शिक्षकको भूमिकामा पनि थिए । अदालतको बेथिति र अनियमितताबारे कलम चलाउन पत्रकारलाई प्रेरित गर्ने ढुंगाना पत्रकारिताप्रति सदैव सकारात्मक नै रहे ।मानवअधिकारको रक्षा र संसदीय अभ्यासलाई मर्यादित र व्यवस्थित बनाउन उनले निरन्तर प्रयास गरिरहे ।स्वर्गीय ढुंगानालाई मानक सभामुखको रुपमा हेरिन्छ ।उनी सभामुख भएको बखत काँग्रेस पार्टी सरकारमा थियो ।तर तत्कालीन प्रतिनिधि सभामा विपक्षीहरुले आफ्ना पक्षलाई निर्वाध रुपमा राख्न पाउँथे ।सभामुख ढुंगानाले संसद सञ्चालनमा निर्वाह गरेको भूमिका आज पनि अनुकरणीय छ । बन्दूक बोकेर सत्तालाई फाल्ने सशस्त्र बिद्रोहमा रहेको माओवादीलाई संवादको टेबुलमा ल्याउन ढुंगानाको महत्वपूर्ण भूमिका थियो ।पक्ष र विपक्ष दुवैको विश्वास जित्ने अदुभूत क्षमता उनमा थियो ।स्वर्गीय ढुंगानाप्रति भावपूर्ण श्रद्धाञ्जली ।

# धार्मिक आस्था र प्राकृतिक सौन्दर्यको अनुपम उपहार पाथीभरा

**शीतलप्रसाद महतो**

हिमालकै समीपमा उभिएको महसुस हुँदा कसको मन नरमाउला र ? पाथीभरा भगवती मन्दिर पुग्ने जो सुकैले यसैगरी हिमालको छेउमा उभिएको महसुस् गर्न सक्छन् । धार्मिक मान्यताअनुसार पाथीभरा भगवतीले भक्तको इच्छा पूर्ति गर्दिन्छिन् । मागेको कुरा पुग्ने जनविश्वास पनि छ । ताप्लेजुङ जिल्लास्थित पाथीभरा पर्वतको शीखरमा अवस्थित प्रसिद्ध तीर्थस्थल हो, पाथीभरा । यहाँ धार्मिक पर्यटकको मात्र घुइँचो लाग्ने गरेको छैन्, मनोरम प्राकृतिक दृश्यावलोकन गर्नेहरुको पनि त्यतिकै घुइँचो लाग्ने गरेको छ । आस्था र विश्वासको महत्वपूर्ण धरोहरका रुपमा रहेको यो तीर्थस्थलमा एक पटक पुग्नै पर्ने मनोकांक्षा प्रत्येक हिन्दू धर्मावलम्बीको हुन्छ । हिन्दू मात्र होइन, यहाँ बौद्ध र किरात धर्म मान्नेले पनि उत्तिकै आस्थाका साथ पुग्ने गर्दछन् । धार्मिक एवं ऐतिहासिक रुपमा महत्वपूर्ण पाथीभराको दर्शन गरे मनोकांक्षा पूरा हुने जनविश्वासका साथ वर्षभर नै तीर्थयात्रीको घुइँचो लाग्ने यस मन्दिरमा कुनै पनि जातजाति, धर्म र सम्प्रदायका मानिसलाई रोकावट छैन ।

पवर्तमा उत्पन्न भएकी देवी भन्ने अर्थमा यहाँकी देवलाई पाथीभरा देवी भनिएको हो । आसपासमा हिमाल, बीचमा थुम्को । चुलीसम्म भरिएको पाथीजस्तै डाँडा भएकाले पनि यसलाई पाथीभरा भनिएको हुनुपर्छ । अन्न भरेको पाथी झैं सुन्दर, मनमोहक आकृति बोकेको पाथीभरा पहाडको शिखरमा देवीको उत्पतिस्थल रहेकाले यो देवीको नाम पाथीभरा देवी भनेर श्रद्धा एवं भक्तिपूर्वक पुज्ने गरिन्छ । परापूर्वकालमा गाई/भेडा चराउने गोठालाहरुले स्थापना गरेको पाथीभरा देवी थान शक्ति उपासकहरुका लागि विशेष महत्व राख्दछ । यहाँ अझै देवी मन्दिरको भवन बनेको छैन र देवी स्थानको रुपमै यो तीर्थ रहेको छ । पाथीभरा देवी स्थान नजिकै २०७७ सालमा किराँत मन्दिरको पनि निर्माण गरिएको छ । यसको प्राङ्गणमा गुरु फाल्गुनन्दको पूर्णकदको सात फिट अग्लो ढुङ्गाको शालिक राखिएको छ । यसले पाथीभरा क्षेत्र लिम्बु जातिको पनि सामुदायिक आराध्य स्थल बन्न पुगेको छ । ताप्लेजुङका किरात समुदायले पाथीभरा पहाडलाई 'मुकुम्लुङ' भनिन्छ । लिम्बू भाषामा 'मुकुम' को अर्थ शक्ति वा बल, 'लुङ'को अर्थ ढुङ्गा भन्ने जनाउँदछ । त्यसैले लिम्बु जाति पाथीभरालाई शक्ति वा बलको स्रोत रूपमा पुजिन्छ । बौद्धमार्गीले पनि पाथीभरा देवीप्रति आस्था र विश्वास राख्ने गर्दछन् ।

### धार्मिक आस्थाका धरोहर पाथीभरा देवी उत्पतिको इतिहास

पाथीभरा देवीको उत्पतिसम्बन्धी थुप्रै किम्बदन्ती तथा जनश्रुति छन् । पौराणिक मान्यताअनुसार पाथीभरा आसपासका गोठालाहरूले आफ्नो भेडीगोठ पाथीभरामा राखेका थिए । एकदिन अप्रत्यासित ढङ्गले हेर्दाहेर्दै ती गोठका बथानका बथान भेडाहरू अलप भए । त्यस्तो अकल्पनीय घटनाले स्तब्ध भएका गोठालामध्येका एकले राति सपनामा साक्षात् कालीको रुप देखेछन् । सपनामै देवीले तिमीहरु नआत्तिनु, मलाई भेडाको बलि दिनु, हराएका तिम्रा भेडा पाउनेछौं र तिम्रो मनोकामना पनि पूरा हुनेछ भनिन् । ती गोठाला निन्द्राबाट ब्युझिएर हेर्दा आफ्ना हराएका सबै भेडा देखे । त्यसपछि गोठालाले भेडाको बलि दिएर त्यहाँ पूजाआजा गरी गोठ अन्यत्रै सारे । बलि दिएको भेडाको रगत बलिस्थलमा झर्नासाथ बालुवामा पानी हराए झैं हराउन पुग्यो ।

यो देखेर हर्ष एवं आश्चर्य मान्दै गोठालाहरूले देवीको जय जयकार गरे । त्यसैबेलादेखि पाथीभरा माताको पूजाअर्चाना र बलिदान दिने प्रचलन शुरु भएको इतिहास छ । यसलाई श्रद्धालु भक्तजनले पाथीभरा माताको महिमाको रुपमा लिन्छन् । महाकाली, भद्रकाली, सिद्धकाली, स्वेतकाली र रक्तकाली गरी पाँचवटा रुप भएकी देवी भएकाले पाथीभारा भगवतीलाई पञ्चकन्या भगवती देवीको रुपमा मान्ने गरिएको छ । पाथीभरा देवीको निम्ति पशु बलि अनिवार्य नभए पनि बलि चढाउनु अति उत्तम मानिन्छ । बलिस्थलमै रगत हराएको, सीमित रहेको जो कोही दर्शनार्थीले सजिलै अनुभव तथा अवलोकन गर्न सक्छन् । पाथीभरामा अवस्थित देवीको नाम 'पञ्चकन्या कालीका' हो । भोग बलि दिइने भएकाले यसलाई रक्तकाली पनि भन्ने गरिन्छ । त्यसैले पनि रक्तकालीलाई भक्तजनहरूले चढाएको बलि स्नेहपूर्वक ग्रहण गर्छिन् भन्ने जनधारणा पनि रहिआएको छ । काटमार नगर्नेहरू देवीलाई स्वादिष्ट फलफूल तथा मिठाइ चढाउँछन् । पाथीभरा देवीलाई अटल सौभाग्यकी प्रतीकको रूपमा मानिन्छ । त्यसैले सबै किसिमका श्रद्धालु भक्तजनले देवीलाई सिन्दुर, टीका, गाजल, काँगियोजस्त सौन्दर्य प्रशाधनका सामग्री चढाउने गर्दछन् ।

बाह् हजार फिट उचाइमा रहेको पाथीभरा मन्दिरमा प्रत्येक दिन नेपाल र छिमेकी मुलुक भारतका सयौं हिन्दू धर्मावलम्बीको भीड लाग्ने गर्दछ । आफ्नो मनोकामना पूरा हुने इच्छा र विश्वासका साथ पाथीभरा देवीको दर्शनका लागि आउने श्रद्धालु भक्तजनको तल्लो फेदीमा लर्को देखिन्छ । तल्लो फेदीबाट पाँच/छ घण्टा उकालो हिँडेर पाथीभरा मन्दिर पुग्न सकिन्छ र बास बस्न पुनः फेदीमै ओर्लिनुपर्छ भने कतिपय भक्तजनले दुई/तीन घण्टा हिडेर माथिल्लो फेदीमा पुग्छन् । तीर्थयात्रीहरु रातिको बास बसेर भोलिपल्ट एकाबिहानै तीन/चार घण्टा हिडेर मन्दिरमा पुग्ने र माताको पूजाआर्चना गरेर पुनः माथिल्लो फेदी हुँदै तल्लो फेदीमै ओर्लिने गर्छन् ।

### पाथीभरा मन्दिर कसरी जाने ?

पाथीभराको यो पवित्र स्थल जिल्लाको सदरमुकाम फुङ्गलिङबाट १९ दशमलव ४ किमी पूर्वोत्तरतर्फ समुद्री सतहबाट तीन हजार सात सय ९४ मिटर उचाइमा अवस्थित छ । पाथीभरा देवीको मन्दिर वरपरको तापमान प्रायः शून्यमा झर्ने गर्दछ । तीर्थयात्री तथा पर्यटकहरूले लेकलाग्न र न्यून तापबाट जोगिन घरेलु उपचारको सामग्री जस्तै तातोपानी, भुटेको मकै, अदुवा, लसुन, गरम खाद्य तथा पेय पदार्थ र न्यानो कपडाहरू लिएर जाने गर्दछन् । पाथीभरा मन्दिर पुस/ माघमा हिउँले सेताम्य हुन्छ भने अन्य समयमा पनि मौसम चिसो नै हुने गर्दछ ।



त्यसैले पाथीभरा यात्राको लागि सबैभन्दा उपयुक्त समय भनेको भदौदेखि कात्तिकसम्म र फागुनदेखि जेठसम्म हो । यो समयमा आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने गर्छ । यो समयमा ऋतु परिवर्तन हुने भएकाले अत्याधिक चिसो नहुने, मौसम उचित हुने र वातावरण पनि सुन्दर हुने भएकाले यो समय पर्यटकको रोजाइमा पर्ने गर्दछ ।

झापाको बिर्तामोडबाट इलाम-फिदिम-हुँदै २७० किलोमिटर फुङ्गलिङ मेची राजमार्गमा यात्रा गरी फुङ्गलिङबाट सुकेटार-तल्लो फेदी-उपल्लो फेदी हुँदै पैदल हिँडेर पाथीभरा पुग्न सकिन्छ । अन्य मार्गमा धरानबाट धनकुटा-हिले हुँदै कोशी राजमार्गमा एक सय किलोमिटर यात्रा गरी वसन्तपुरबाट गुफापोखरी, गोर्गा दोभान हुँदै पैदल यात्रामा पुग्न सकिन्छ । फुङ्लिङ बजारबाट एक दिन पैदल हिँडेर पुग्न सकिने यो मन्दिरमा वर्षभरि भक्तजनको घुइँचो लाग्ने गर्दछ । यसैगरी काठमाडौंदेखि सुकेटारसम्म हवाईजहाज अथवा ताप्लेजुङ सदरमुकाम फुङलिङसम्म बसमा जान पनि सकिन्छ । ताप्लेजुङको फुङलिङ बजारबाट सुकेटार हुँदै पाथीभाराको तल्लो फेदीसम्म सवारी साधन जान्छ । अनि शुरु हुन्छ पैदल यात्रा । सिधै ठाडो उकालो भएकाले केही असज भए पनि मन्दिर पुगेपछि स्वर्गीय आनन्द प्राप्त भएको अनुभूति मिल्छ । पाथीभरा क्षेत्रको तल्लो र माथिल्लो फेदीमा तीर्थयात्रीको सेवाका लागि प्रशस्त होटल पसल खोलिएका छन् । बाटो सहज भएकाले देउराली, सुकेटार, फुङलिङमै पनि फर्किएर बस्न सकिन्छ ।

### नजिकै हिमाल तर पानीको समस्या

पाथिभराको थुम्कोबाट हिमशृंखलाको दृश्य अत्यन्त मनमोहक देखिन्छ । यस्तो लग्छ, मानौं हातले नै हिमाल छुन सकिन्छ । मनोरम दृश्य समेत अवलोकन गर्न पाइने यो मन्दिर परिसरबाट विश्वको तेस्रो तथा नेपालको दोस्रो अग्लो कञ्चनजङ्घा (८,५८६ मिटर) हिमाल आँखै अगाडि देखिन्छ । साथै यहाँबाट आठ हजार चार सय ६३ मिटर उचाइ भएको मकालु, सात हजार सात सय १० मिटर र आठ हजार पाँच सय १६ मिटर अग्लो लोत्सेका साथै कुम्भकर्ण हिमाल देखिन्छ ।

यसैगरी यहाँबाट सात हजार नौ सय तीन मिटर अग्लो काङ्बाचेन, सात हजार आठ सय ५५ मिटर अग्लो नोत्से, सात हजार चार सय ४२ मिटर अग्लो डोम हिमाल आँखै अगाडि देख्न सकिन्छ । साँच्चै भन्नुपर्दा यी हिमशृंखलाहरूको अलौकिक दृश्यले सम्मोहित भई जो सुकैलाई पनि स्वर्गीय आनन्दको अनुभूति हुन्छ ।

पाथीभरा मन्दिरमा सबैभन्दा ठूलो समस्या भनेको पानी हो । मन्दिर परिसरमा पानीको स्रोत नहुँदा भक्तजन तथा मन्दिरका पूजारीलगायत सुरक्षाकर्मीलाई समस्या छ । मन्दिर परिसरबाट तीन किमी तल रहेको काफ्लेपाटीबाट पानी ल्याउनुपर्ने बाध्यता छ । पाथीभरा देवी विश्वास आस्था एवं पवित्रताकी देवी भएकाले यहाँ गर्भवति, रजस्वला (नछुने वा पर सरेकी) भएकी महिला, बरखी बारेको, मनमा लोभ, पाप बोकेको मान्छे गएको खण्डमा उनीहरूको ठूलो क्षति हुने जनधारणा रहिआएको छ ।

धर्म र आस्थाको यस संगम स्थलमा पाथीभारा मन्दिरमा दर्शन गर्ने आउने श्रद्धालु भक्तजनको हातमा प्रसाद स्वरुप नरिवल, लड्डू र फूलमालासँगै देवीलाई ओढाउने चुन्दरी लिएर दर्शनका लागि लामवद्ध भएर उभिएको दृश्यले त्यहाँ पुग्ने जो कोहीमा पनि धार्मिक आस्था बढेर आउँछ । पाथीभरामा भगवतीको पूजा गरेर चण्डीपाठ गर्ने, हवन गर्ने शास्त्रीय पद्धति र बलि दिएर पूजा गर्ने पद्धति चलिआएको छ । धार्मिकरुपले मात्रै नभइ पाथीभरा प्राकृतिक विविधताको क्षेत्र भएकाले यस क्षेत्रको महत्व झन् बढ्दै गएको छ । विभिन्न प्रजातिका बोटविरुवा, जडीबुटी र दुर्लभ वन्यजन्तु रेडपाण्डासमेत पाथीभरा क्षेत्रमा पाइन्छ ।

# 'सुरक्षित कर्णाली विशेष अभियान' एक अनुकरणीय प्रयास

**शुरबहादुर सिंह**

सूचना र प्रविधिको तीव्र विकास भइरहेका बेला पनि कर्णालीलाई दूरी र भूगोलका हिसाबले निकै जटिल एवं कठिन क्षेत्रका रुपमा हेर्ने गरिन्छ । दुःख, कष्ट, गरिबी, अशिक्षा र भोकको पर्यायका रुपमा उदाहरण दिँदा काठमाडौंको कर्णाली, सुर्खेतको कर्णाली, बाँकेको कर्णाली, पोखराको कर्णाली भनिन्छ ।

यथार्थमा यही हो र कर्णाली ? के काठमाडौं, पोखरा, चितवन कर्णालीका लागि विकट छैनन् ? के काठमाडौंमा गरिब, मागेर गुजारा चलाउने, सडक मानव र विकासले छुन नसकेका ठाउँ नै छैनन् ? बरु त्यसको चरम हद र अवस्था कर्णालीमा भेटिँदैन । समयको गतिसँगै अब सबैखाले परम्परागत भाष्य आजको सूचना र प्रविधिको युगले चिरिदिएको छ ।

काठमाडौंबाट हेर्नेभन्दा यहीँ पुगेर भोग्नेहरुको नजरमा कर्णाली नितान्त फरक छ । यहाँ पुग्ने जो कोही व्यक्तिले कर्णाली आउनै र अध्ययन गर्नैपर्ने ठाउँका रुपमा बुझ्छन् । विकटता, अशिक्षा, गरिबी र दुर्गमताको उपमा दिनेहरुलाई पद्मकन्या क्याम्पस काठमाडौंमा अध्यापनरत उपप्राध्यापक डा भगवती सेढाइँले आफ्नो अनुसन्धानका क्रममा कर्णाली घुमेर फर्केपछि यसका बारेमा काठमाडौंको एक कार्यक्रममा सहभागी भएर मुक्तकण्ठले तथ्याङ्कीय विवरण प्रस्तुत गर्नुभएको थियो ।

उहाँका अनुसार काठमाडौं महानगरपालिकाको कुनै एक वडाको कार्यक्रममा सहभागी हुँदै उक्त कार्यक्रमका विशेष अतिथिले 'यो वडा त काठमाडौंको कर्णाली' भनेका थिए । त्यहाँ कर्णाली भन्नाले विकासका गतिको हिसाबले पिछडिएको भन्न खोजिएको थियो । यो सुन्दा भने कर्णाली यात्राको अनुभूति सँगालेर फर्कनुभएकी उहाँलाई खसखस लागिरहेको थियो, कारण त्यहाँ व्यक्त गरिएको कथ्यमा जस्तो कर्णाली तथ्यमा थिएन ।

कर्णाली प्रदेश विकासको मन्द गतिको उपनाम नभई नवीनतम् कार्य गर्नका लागि उद्गम र उर्वर भूमि भएको उहाँ बताउनुहुन्छ । कर्णाली घुमेपश्चात् उपप्राध्यापक सेढाईंले यहाँ उल्लेख गर्न खोजेको चाहिँ सुरक्षित कर्णाली अभियानको 'क्युआर कोड' र कर्णाली प्रदेशका घरमा प्रहरीले टाँस गरेको 'स्टिकर'का बारेमा हो । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले २०८० सालमा कर्णालीका १० वटै जिल्लामा 'सुरक्षित कर्णाली विशेष अभियान' थाल्यो । यसको उद्देश्य नागरिकको सुरक्षाका लागि हरेक टोल, बस्ती, घर र व्यक्तिसम्म राज्यको उपस्थित गराउनु थियो । नागरिकले आफ्नो समस्या, घटना तथा गुनासोहरु कुनै पनि बिचौलियाको सहयोग बिना छिटोभन्दा छिटो प्रहरीसामु पुऱ्याउनु एवं सेवाग्राही र सेवाप्रदायकबीच राम्रो सम्बन्ध स्थापना गर्नु पनि हो ।

उहाँका अनुसार गुनासो पेटिका राख्दा झन्झटिलो हुने, तत्काल सम्बन्धित व्यक्ति/निकायसमक्ष गुनासो नपुग्ने र समय पनि धेरै लाग्ने भएकाले समयको मागसँगै यस कार्यक्रमका लागि उच्चतम प्रविधिको प्रयोग भएको रहेछ । कर्णाली प्रदेशअन्तर्गतका सम्पूर्ण प्रहरी कार्यालयहरुमा कार्यरत प्रहरी कर्मचारीहरुले सम्पादन गरेका प्रहरी सेवासम्बन्धी कुनै गुनासो/पीरमर्का, सल्लाह/सुझाव, पृष्ठपोषण, सूचना माग तथा कुनै पनि घटनाको सम्बन्धमा तत्काल प्रतिक्रिया गर्नुपर्ने भएमा 'क्युआर कोड'मार्फत सिधै कर्णाली प्रदेश प्रहरी कार्यालयको उजुरी छानबिन शाखामा सेवाग्राहीले आफ्नो भनाइ राख्न तथा सम्पर्क गर्न सकून् भनी क्युआर कोडको प्रयोग भएको रहेछ ।

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालको नेतृत्वमा थालिएको अभियानको प्रमुख उद्देश्य प्रहरीमा नागरिकको सहज सूचनाको पहुँच पुऱ्याउनु, अपराध अनुसन्धान कार्यलाई थप प्रभावकारी बनाई नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउनु नै हो । यस क्युआर कोडभित्र सूचना दिनेको नाम, इमेल, सम्पर्क नम्बर, विषय, गुनासोको सङ्क्षिप्त विवरण उल्लेख गर्न मिल्नेगरी तयार गरिएको र सर्वसाधारणले सजिलै प्रयोग गर्न सक्नेगरी बनाएको उपप्राध्यापक डा सेढाईंले उल्लेख गर्नुभएको छ ।

कर्णाली प्रदेश प्रहरी कार्यालयका अनुसार यस सुरक्षित कर्णाली अभियानका लागि नेपाल प्रहरीले स्टिकर बनाई कर्णाली प्रदेशका १० जिल्लामा तीन लाख ७१ हजारभन्दा बढी घरधुरीमा प्रहरीको फोन नम्बर भएको स्टिकर प्रत्येक घरको मूल ढोकामा टाँस्ने लक्ष्य लिइएको थियो जसलाई निरन्तरता दिइएको छ । कार्यालय, विद्यालय, कलेजमा भने उक्त भवनको मूल प्रवेशद्वारमा र होटेल तथा पसलहरुमा काउन्टरको सामुन्ने टाँस गरिएको देखिन्छ । कर्णाली प्रदेश प्रहरी कार्यालयका अनुसार २०८१ सालको असार ३१ सम्म दुई लाख ३९ हजार एक सय ३३ घरधुरीमा स्टिकर टाँस भएको र गुनासो 'रिपोर्टिङ'को सङ्ख्यामा ५७ प्रतिशत वृद्धि भएको छ । एक वर्षपछि यसलाई फर्केर हेर्दा यो प्रयासले समुदायमा सकारात्मक परिवर्तनको थालनी भएको प्रस्ट सङ्केतका साथै यस कार्यले नागरिक सुरक्षामा महत्वपूर्ण भूमिका खेल्ने देखिएको छ । यसै सन्दर्भमा उद्योग वाणिज्य सङ्घ सुर्खेतका अध्यक्ष लक्ष्मण कँडेल सुरक्षित कर्णाली विशेष अभियान कार्यक्रम आफैंमा नमूना कार्यक्रम भएको बताउनुहुन्छ । तत्कालीन प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ढकालले सुरु गरेको यो अभियानलाई पछिल्लो नेतृत्वले पनि निरन्तरता दिनुपर्ने उहाँको भनाइ छ । अध्यक्ष कँडेलले यो अभियानले व्यापार तथा होटल व्यवसायीलगायत समाजमा घट्ने जस्तोसुकै घटनाको खबर तत्काल प्रहरी कहाँ पुऱ्याउन र त्यसको आवश्यक खोज अनुसन्धानबाट समस्याको सम्बोधन गर्न महत्वपूर्ण सहयोग पुगेको प्रतिक्रिया दिनुभयो ।




घरदैलोमा स्टिकर टाँस्ने कार्यक्रमसँगै घरपरिवारको नाम, ठेगाना, फोन नम्बर, परिवार सङ्ख्या, पेसा र व्यवसाय लगायतका लगत विवरण समावेश हुने भएकाले शान्तिसुरक्षा अमनचयन कायम गर्न सहयोग पुग्नाका साथ प्रदेशस्तरीय नीति तथा कार्यक्रम तर्जुमा गर्दा उपयोगी हुने डा सेढाईं बताउनुहुन्छ ।

घरपरिवार लगत एउटा महत्वपूर्ण तथ्याङ्क भएकाले यसको समुचित प्रयोगबाट तथ्याङ्कपरक नीति, कार्यक्रम निर्माण र सम्पादन गर्न सकिन्छ । क्युआर कोडमार्फत पठाइएको गुनासो सिधै कर्णाली प्रदेश प्रहरी कार्यालयमा उजुरी छानबिन शाखामा पुग्ने व्यवस्था गरिएको छ । प्रदेश प्रहरी कार्यालयका अनुसार उजुरीमार्फत आएका सूचनाहरूलाई गोप्य राख्नका लागि उच्चतम सतर्कता अपनाइएको छ ।

कर्णाली प्रदेशका सामाजिक अगुवा पिताम्बर ढकाल यो अभियान राम्रो भए पनि व्यापक रुपमा प्रचारप्रसार हुन नसक्दा नागरिकलाई जानकारी नभएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यसबारे म आफैंलाई पनि थाहा नहुँदा के गर्ने भन्ने विषयमा ज्ञान थिएन । क्युआर कोडमा आफ्ना गुनासा तथा उजुरीहरु कसरी प्रबिष्ट गराउने र प्रविधिको प्रयोगका लागि सुविधा के भन्ने विषयमा सुसूचित गराउनुपर्दछ ।"

शिखर मावि दशरथपुर सुर्खेतका शिक्षक जनकबहादुर सिंहले घर, विद्यालय तथा पसलहरुमा प्रहरीले स्टिकर टाँसेको भने पनि त्यसबारे आफूहरुलाई थाहा नभएको प्रतिक्रिया दिनुभयो । कुनै घटना परिघटना पर्दा सहजै प्रहरी प्रशासनसँग सम्पर्क गर्न सकिने र नागरिकको सुरक्षामा सहयोग पुऱ्याउने यो अभियान प्रशंसायोग्य भएकाले यसको व्यापक रूपमा प्रचारप्रसार हुनुपर्ने उहाँको भनाइ छ ।

चन्दननाथ नगरपालिका-५ जुम्लाका स्थानीय लक्ष्मीकन्या बुढाका अनुसार 'सुरक्षित कर्णाली विशेष अभियान' अन्तर्गत सञ्चालन गरिएका कार्यक्रम निकै महत्वपूर्ण र ग्रहणयोग्य छ । यद्यपि क्युआर कोड, विद्यालय, क्याम्पस, सार्वजनिकस्थलका साथै सार्वजनिक गाडीहरुमा पनि टाँस्नुपर्ने र त्यसको प्रयोगका विषयमा आमनागरिलाई आधारभूत ज्ञानसहित प्रयोग विधिका बारेमा जानकारी गराउनुपर्ने उहाँको सुझाव छ ।

प्रहरी अधिकारीहरूका अनुसार क्युआर कोडमार्फत यहाँका नागरिकहरुले शान्तिसुरक्षामा भएका समस्या र कमजोरीका साथै सुदृढ सेवा प्रवाहका लागि घर वा बाटोघाटो, पाटीपौवा जहाँबाट पनि प्रविधिमार्फत उजुरी दिनसक्ने सुविधा उपभोग गर्न सक्नेछन् । उनीहरुलाई कुनै गुनासा राख्न, उजुरी वा निवेदन दिन सम्बन्धित निकाय धाउनुपर्ने छैन र उजुरीकर्ताको नाम भने प्रहरीले गोप्य राख्ने प्रावधान छ ।

अनुसन्धानकर्मी एवं उपप्राध्यापक सेढाईं क्युआर कोडमार्फत गुनासालाई अति जरुरी, जरुरी र साधारण वर्गमा राखेर त्यसको सम्बोधन गर्ने, अति जरुरी उजुरीलाई तत्काल, जरुरी प्रकारको भए तीन दिनभित्र र साधारण खालको भए पाँच दिनभित्र उजुरीको छानबिन गरी उजुरीकर्तालाई विवरणसहितको जानकारी दिने व्यवस्था मिलाइएको र परिणाम पनि सकारात्मक देखिएकाले यो अभियानलाई देशव्यापी रूपमा विस्तार गर्नुपर्ने सुझाव दिनुहुन्छ ।

सरोकारवालाहरुले क्युआर कोडको प्रयोगले नागरिक सम्बन्ध नजिक बनाउन, सुरक्षाप्रतिको विश्वास बढाउन, सहज सेवा प्रदान गर्न, समयको सदुपयोग तथा नागरिकलाई सेवा लिन जाँदा हुने दुःख पूर्णरुपले हट्ने प्रतिक्रिया दिएका छन् ।

तिला गाउँपालिका-३ जुम्लाका स्थानीय निराजन गौतम अभियान थालनी भएयता क्युआर कोडको प्रयोग, स्टिकर टाँसले चोरीचकारी, झै-झगडा र मादकपदार्थ सेवन गर्नेजस्ता कुलतमा लागेकाहरू बढी सशङ्कित भएको बताउनुहुन्छ । यो सुविधाले गाउँ वा सहर जहाँतहीँ कोही कसैलाई आपत्विपत् पऱ्यो भने कहाँ खबर गर्ने भन्ने बारेको पूर्ण जानकारी लिन सहयोग पुग्ने देखिन्छ । यद्यपि नागरिकलाई यसको उपयोग र फाइदाका बारेमा जानकारी गराउनुपर्ने गौतमको भनाइ छ ।

यस अभियानअन्तर्गत १४ कार्यक्षेत्र निर्धारण गरी दुई लाख ३९ हजार चार सय २४ घरमा स्टिकर टाँस, क्युआर कोड (द्रुत जवाफ) को प्रयोग, पीडित सहायता कार्यक्रम, लालटिन अभियान, अन्तरक्रियात्मक गस्ती, यात्रुमैत्री निःशुल्क निवेदन लेखन, नागरिक सहजकर्ता परिचालन, दुर्व्यसनिविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएकाले यसलाई अनुकरणीय प्रयासका रुपमा लिइएको छ ।

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक नारायण डाँगीले क्युआर कोडमार्फत केही गुनासा तथा उजुरीहरु आए पनि यसलाई प्रतिफल र परिणाममुखी बनाउन थप प्रयास आवश्यक रहेको बताउनुभयो ।

# प्रतिजैविक औषधिको समुचित प्रयोग गर्न स्वास्थ्य, वन र कृषिमन्त्रीको आग्रह



काठमाण्डु । सरकार तीन मन्त्रीहरुले प्रतिजैविक औषधिको समुचित प्रयोग गर्न आग्रह गर्नुभएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी र कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी सोमबार विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह, २०२४ का अवसरमा संयुक्त रुपमा शुभकामना सन्देश दिँदै प्रतिजैविक औषधिको न्यूनीकरणका लागि सबैलाई आग्रह गर्नुभएको छ।

उहाँहरुले प्रतिजैविक प्रतिरोधका विषयमा सबै तहमा सचेतना, जागरण तथा पैरबी गर्न आवश्यक रहेको समेत बताउनुभएको छ । यस वर्ष प्रतिजैविक प्रतिरोधसम्बन्धी विश्वस्तरीय दुई ठूला उच्चस्तरीय बैठकहरु ७९औँ संयुक्त राष्ट्रसङ्घ महासभा र ७७औँ विश्व स्वास्थ्य सभामा नेपाल सरकारले जनाएको प्रतिबद्धता तथा विश्वव्यापी रुपमा सहमत लक्ष्यहरुको जवाफदेहिता तथा कार्यान्वयन महत्वपूर्ण अवसर भएकाले पनि यस वर्षको सचेतना सप्ताह विशेष रहेको उहाँहरुको सन्देशमा भनिएको छ।

सन्देशमा उहाँहरुले नेपालजस्तो सङ्क्रामक रोगहरुको भार धेरै भएको विकासोन्मुख देशमा मानिस, पशुपक्षी र बोटबिरुवाका सङ्क्रामक तथा सरुवा रोगको उपचारमा प्रतिजैविक औषधिको मुख्य भूमिका रहेको भन्दै विश्वव्यापी रुपमा वृद्धि भइरहेको प्रतिजैविक प्रतिरोधका कारण बहुमूल्य प्रतिजैविक औषधिको क्षमता घट्न गई सङ्क्रामक रोगको प्रभावकारी उपचारमा चुनौती थपिएको बताउनु भएको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रतिजैविक प्रतिरोधका कारणले अहिले विश्वभरि करिब १२ लाख मानिसहरुको मुत्यु भइरहेको छ। सन् २०५० सम्ममा वर्षमा करिब ५० लाख मानिसको मृत्यु हुने आकलन गरिएको छ र सन् २०३० सम्ममा ३४ अर्ब अमेरिकी डलरसम्मको आर्थिक भार थपिने आकलन गरिएको छ । यसबाट सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा बाधा पुग्न सक्ने देखिन्छ।

"यसरी बढिरहेको प्रतिजैविक प्रतिरोधको समस्या मानव स्वास्थ्य मात्र नभई अन्योन्याश्रित अन्तरसम्बन्ध रहेका पशुपक्षी तथा वातावरणीय स्वास्थ्यलाई समेत प्रत्यक्ष असर पारेको छ । त्यसैले यस समस्यासँग जुध्न एक स्वास्थ्य रणनीति २०७६ अनुसार अगाडि बढ्न आवश्यक छ," उहाँहरुको सन्देशमा भनिएको छ, "एन्टिबायोटिक लगायतका औषधिहरुकोजिम्मेवारपूर्णप्रयोगलाई प्रवर्द्धन गर्दै सङ्क्रमण रोकथाममा सुधार गर्न, प्रतिजैविक प्रतिरोधको निगरानीलाई निरन्तरता दिन तथा वैकल्पिक उपचार र रोकथामका उपायहरुको अनुसन्धान गर्ने कार्यलाई कार्यान्वयन गर्नुपर्दछ।"

सन्देशमा सरकारले एक स्वास्थ्य रणनीतिअनुरुप बहुपक्षीय संलग्नतामा प्रतिजैविक प्रतिरोध न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना विधिवत् रुपमा स्वीकृत गरी कार्यान्वयनमा ल्याइसकेको उल्लेख गर्दै उच्चस्तरीय प्रतिबद्धताका साथ ल्याइएको यो कार्ययोजनाले एक स्वास्थ्य क्षेत्रका सरोकारवाला बीचको सहकार्यमा प्रतिजैविक प्रतिरोध न्यूनीकरणमा तथा दिगो विकास लक्ष्य हासिल गर्नमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ। सोमबार देखि मङ्सिर ९ गतेसम्म 'प्रतिजैविक प्रतिरोधः बुझौँ, बुझाऔँ, आजैबाट रोकथाममा जुटौँ' भन्ने नाराका साथ विभिन्न कार्यक्रम गरिन नेपालमा पनि मनाइँदै छ।रासस

# प्रधानन्यायाधीशको स्मरणमा पूर्वसभामुख ढुङ्गाना : 'पदको मोहमा कहिलै लाग्नुभएन'

काठमाण्डु। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतलाई आफ्ना गुरु पूर्वसभामुख दमनाथ ढुङ्गानासँग बिताएका पलहरु तथा उहाँले दिनुभएको शिक्षा दिक्षा झलझली याद आइरहेको छ । उहाँलाई आफ्ना गुरुको निधनले मर्माहत बनाएको छ।

"मेरा गुरु निष्कलङ्क छवि, असल चरित्र, निष्ठावान, नैतिक धरातलमा रहने, सक्षम र अध्ययनशील हुनुहुन्थ्यो । उहाँका तीन पाटा छन्, पत्रकार, कानुन व्यवसायी र सभामुख", प्रधानन्यायाधीश राउतले भन्नुभयो, "उहाँसँग जुनसुकै विषयमा पनि ज्ञान थियो ।" वरिष्ठ अधिवक्तासमेत रहनुभएका पूर्वसभामुख ढुङ्गाना असाध्यै अध्ययन गर्ने कानुन व्यवसायी भएको उहाँको भनाइ छ।

"अध्ययन धेरै गर्नुहुन्थ्यो, काठमाडौँबाट प्रकाशन हुने प्रायः सबै पत्रिका पढ्नुहुन्थ्यो", प्रधानन्यायाधीश राउतले विगत स्मरण गर्दै भन्नुभयो, "बिहान निस्किने पत्रिका मात्र होइन्, सन्ध्याकालीन पत्रिका पनि किनेर पढनुहुन्थ्यो।"

पूर्वसभामुख ढुङ्गानालाई दर्शन, साहित्य, स्वाथ्य, शिक्षालगायत विषयमा ज्ञान थियो । उहाँले जहिले पनि देशको हितका विषयमा मात्र कुरा गर्नेगरेको प्रधानन्यायाधीश राउत बताउनुहुन्छ। "म दमननाथ गुरुको शिष्य हुँ, उहाँले मलाई कानुन व्यवसाय सिकाउनु भएको हो, कहिले पनि उहाँले आफ्नो स्वार्थका लागि काम गर्नु भएन", उहाँले भन्नुभयो, "संसदीय अभ्यासमा ढुङ्गानाको ठूलो योगदान छ, संसद्मा रुलिङ गर्नुपर्छ भनेर पहिला नै संसदीय अभ्यासको सम्पूर्ण विषयमा पढेर जानकारी लिनुहुन्थ्यो, एकदमै दक्ष, प्रस्तुति र लेखनमा निपूर्ण हुनुहुन्थ्यो, वकालत सँगसगै विभिन्न पत्रिकामा आफ्ना विचार लेख्नुहुन्थ्यो।"

प्रधानन्यायाधीश राउतको पूर्वसभामुख ढुङ्गानासँग २०३९ फागुनमा भेट भएको थियो । "कानुन पढ्दै गर्दा भेट भएको हो । ढुङ्गानाको 'ल फर्म' पुतलीसडकमा थियो । त्यही बेला वरिष्ठ अधिवक्ता तथा पूर्व महान्यायाधिवक्ता महादेवप्रसाद यादव र वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीसँग भेट भएको थियो", प्रधानन्यायाधीश राउतलाई अहिले पनि सम्झना छ।

पूर्वसभामुख ढुङ्गाना नेपाली मात्र होइन, विदेशका पत्रपत्रिका पनि राम्रैसँग अध्ययन गर्नुहुन्थ्यो । उहाँलाई बाटोमा हिँड्दा धेरैले सम्मान गर्ने गरेको प्रधानन्यायाधीश राउतको स्मृतिमा ताजै छ । "वकिल हुँदा उहाँसँग हिँड्दा धेरैले सम्मान गर्थे, बाटोमा हिँड्दा परैबाट आएर पनि नमस्कार गर्ने गर्थे", प्रधानन्यायाधीश राउतले भन्नुभयो, "उहाँ असाध्यै निष्ठाको मान्छे हो । उहाँबाट सिक्नलायक विषय धेरै थिए, जुनसुकै विषयमा अब्बल, हरेक समस्याको समाधान गर्न सक्ने हुनुहुथ्यो ।" त्यो बेला ढुङ्गानाले भाषण गरेपछि कार्यपत्र खोज्न वकिल धेरै दिनसम्म नेपाल बार एसोसिएशन वरिपरि घुम्ने गरेका उहाँ सुनाउनुहुन्छ। आफ्नो गुरुको बौद्धिकता र सरल व्यक्तित्व अहिले पनि प्रधानन्यायाधीश राउतको स्मृतिमा झलझली आउँछ।

"वकिल हुँदा दमन ढुङ्गाना मात्रै भनिन्थ्यो, सभामुख भए पछि मात्र दमननाथ भनेर लेख्न थालियो", उहाँले विगत सम्झिदै भन्नुभयो, "सभामुख हुँदा पनि उहाँले राज्यबाट केही सुविधा लिनु भएन, मानिस स्वाभिमानी हुनुहुपर्छ भन्नुहुन्थ्यो, शक्ति र सत्ताको पछि उहाँ कहिलै लाग्नुभएन।"

सभामुख हुँदा पनि ढुङ्गानाले राज्यबाट पाउने सुविधा नलिएर आफ्नै सवारीसाधनमा आउने जाने गर्नुहुन्थ्यो । उहाँको नेपाली, अङ्ग्रेजी र नेवारी भाषामा राम्रो दक्षता थियो । "भर्खर प्रजातान्त्र आएको बेलामा 'सरकार बहुमतको हुन्छ' र 'संसद् भनेको प्रतिपक्षको हो' भनेर उहाँले स्थापित गर्नुभयो", प्रधानन्यायाधीश राउतले भन्नुभयो, "ढुङ्गानालाई २०५२ सालमा अमेरिका, बेलायत र भारतमध्ये एक ठाउँमा छानेर राजदूत बन्नुस भनेर तत्कालीन कानुनमन्त्रीको प्रस्ताव मैले सुनाएको थिएँ, कानुनमन्त्रीले सिधैँ उहाँलाई भन्ने आँट गर्नुभएन, मैले नै उक्त प्रस्ताव राखे । उहाँ पहिलो पटक मसँग रिसाउनुभयो, म जागिर खान जाने होइन, राज्यको सेवा गर्न जन्मिएका हो भन्नुभयो", उतिबेलाको प्रसङ्ग सम्झिँदै प्रधानन्यायाधीश राउतले भन्नुभयो।

प्रधानन्यायाधीश राउतले आफ्ना गुरु ढुङ्गानाबाटै कानुनका विषयमा पढ्न, लेख्न र बोल्न सिक्नुभयो । "गुरुको पथमा हिँडेर नै आज म यस ठाउँसम्म आइपुगेको हुँ, मलाई उहाँले नै शिक्षित र दीक्षित गर्नुभएको हो", उहाँले भन्नुभयो, "न्यायालयको परिर्वतन गर्न सल्लाह दिनुभएको थियो, केही राम्रो गरोस भन्ने चाहाना राख्नुभएको थियो।"

न्यायपालिकाको सुधारमा लाग्नु भनेर प्रोत्साहन गर्नुहुने गुरुले आफ्नो शिष्य प्रधानन्यायाधीश बनेको हेर्न पाउनुभयो। तर सम्पूर्ण काम भने हेर्न पाउनुभएन । "म ४४ वर्षदेखि गुरुको छत्रछायामा थिए, सधैँ मलाई सम्झनुहुन्थ्यो, खोजिरहनुहुन्थ्यो, न्यायालयको सुधारमा ध्यान दिनुस् भन्नुहुन्थ्यो", प्रधानन्यायाधीश राउतले भन्नुभयो, "गत शनिबार घरमै भेटेर आएको थिएँ, गुरु-शिष्यको त्यही नै अन्तिम भेट रहेछ।"रासस

## पूर्वसभामुख ढुङ्गानाको राजकीय सम्मानका साथ अन्त्येष्टि




काठमाण्डु । पूर्वसभामुख दमननाथ ढुङ्गानाको पशुपतिनाथस्थित आर्यघाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ। त्यस अवसरमा नेपाली सेनाको एक टुकडीले दिवंगत ढुङ्गानाको सम्मानमा सलामी अर्पण गरेको थियो । ढुङ्गानाको पार्थिव शरीरमा उहाँका छोराहरुले दागबत्ती दिनुभयो।

पूर्वसभामुख ढुङ्गानाका सम्मानमा १७ तोपको सलामीसमेत दिइएको थियो । कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत पूर्वसभामुख ढुङ्गानाको पुरानो बानेश्वर स्थित फ्रन्टलाइन अस्पतालमा ८३ वर्षको उमेरमा आइतबार दिउँसो निधन भएको थियो।

पूर्वसभामुख ढुङ्गानाप्रति श्रद्धाञ्जली अर्पण गर्न सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, उपसभामुख इन्दिरा राना, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, उपप्रधानमन्त्री, मन्त्री गण, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, सांसद तथा विभिन्न पेसा व्यवसायमा आबद्ध व्यक्ति तथा सर्वसाधारण आर्यघाट पुग्नुभएको थियो।

अस्पतालमा निधन हुनासाथ ढुङ्गानाको पार्थिव शरीर त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालस्थित शव गृहमा राखिएकामा आजै बिहान ज्ञानेश्वरस्थित सानो गौचरणमा ल्याइ उहाँप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो । प्रधानमन्त्री, सभामुख, नेपाली कांग्रेसका सभापतिसहित विभिन्न राजनीतिक दलका नेता सानो गौचरन पुगेर उहाँप्रति श्रद्धाञ्जली प्रकट गर्नुभयो । नेपाल सरकारले आजै उहाँको राजकीय सम्मानका साथ अन्त्येष्टि गर्ने निर्णय गरेको थियो । उहाँको योगदानको सम्मान गर्दै सरकारले आज सार्वजनिक विदासमेत दिएको छ।

नेपालमा बहुदलीय व्यवस्था, लोकतन्त्र, शान्ति र मानवअधिकारका पक्षमा जीवनपर्यन्त वकालत गरिरहनुभएका ढुङ्गानाले मुलुकमा विगतको माओवादी सशस्त्र द्वन्द्व अन्त्य गरी शान्ति बहाली गर्नसमेत महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । राजनीतिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिबारे स्पष्ट र खरो रुपमा प्रतिक्रिया दिँदै आउनुभएका उहाँ संविधान तथा कानुनका ज्ञाता हुनुहुन्थ्यो।

विसं २०४८ मा काठमाडौँ निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि उहाँ प्रतिनिधिसभाको सभामुख बन्नुभएको थियो । नेपालको संसदीय व्यवस्था र प्रजातान्त्रिक मूल्य मान्यतालाई संस्थागत गर्न उहाँले ठूलो योगदान छ। विसं २०४७ को संविधान निर्माणका लागि गठित आयोगको सदस्यसमेत रहनुभएका ढुङ्गाना मुलुकमा अहिले देखिएको राजनीतिक अस्थिरताको अन्त्य गर्दै सङ्घीयतालाई सबल बनाउन वर्तमान संविधान संशोधनका लागि कानुनका ज्ञाता र राजनीतिक व्यक्तित्वसँग छलफल चलाउँदै आउनुभएको थियो ।रासस

# 'परिषद्ले दक्ष जनशक्तिको माग धानिरहेको छ'

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले सञ्चालन गरेको तालिमले स्वदेश तथा विदेशका लागि आवश्यक दक्ष जनशक्तिको माग धानिरहेको बताउनुभएको छ।

परिषद् पुनःसंरचनासम्बन्धी उच्चस्तरीय कार्य टोलीद्वारा सोमबार आयोजित 'प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पुनः संचरनाः प्रदेशस्तरीय छलफल तथा अन्तरक्रिया' मा उहाँले परिषद्ले वर्तमान आवश्यकतालाई ध्यानमा राखेर आफ्ना कार्यक्रम विविधिकरण गर्नुपर्ने सुझाव दिनुभयो।

मुख्यमन्त्री कार्कीले तीन तहको सरकारबीच समन्वय कायम गरी आगामी ५० वर्षको लक्ष्य लिएर सोहीअनुसार परिषद् पुनः संरचना गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले प्रदेशमा धार्मिक पर्यटन क्षेत्रको विकासबाट दुई छिमेकी मुलुकका पर्यटकको आवागमन वृद्धि भई विदेशी मुद्रा आर्जन गर्न सक्ने हुनाले परिषद्ले यससम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो।

विराटनगर महानगरपालिकाका प्रमख नागेश कोइरालाले स्थानीय पालिकासँग समन्वय कायम गरी परिषद्ले तालिम दिनुपर्ने सुझाव दिनुभयो।

नेपाल नगरपालिका सङ्घ कोशीका अध्यक्ष दिलप्रसाद राई र दुहवी नगरपालिकाका प्रमुख बेदनारायण गच्छदारले प्राविधिक शिक्षालाई श्रम र उद्योग मन्त्रालयसँग जोड्नुपर्नेमा जोड दिनुभयो।

परिषद्का सदस्य सचिव ई मोहन भट्टराईले व्यावसायिक शिक्षाको विस्तार उद्योग वृद्धिको आधारमा हुनु जरुरी रहेको धारणा राख्नुभयो।

प्रदेश योजना आयोगका उपाध्यक्ष डा राजेन्द्र अधिकारीले परिषद्को विकेन्द्रीकरण गरी प्रदेश सरकारको नेतृत्वमा परिषद् सञ्चालन गरेमा सङ्घीयताको सफल कार्यान्वय हुने सुझाव दिनुभयो।

प्राविधिक परिषद् पुनः संरचना उच्चस्तरीय कार्य टोलीकी संयोजक गीता पौडेल अधिकारीले प्रदेशमा प्राविधिक र व्यावसायिक तालिमको स्तरोवद्धि गर्न नागरिक शिक्षा, वैज्ञानिक, रोजगार मुलुक र राष्ट्रका लागि दक्ष जनशक्ति तयार गर्ने आवश्यक सुझाव सङ्कलन गर्ने कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो।रासस

# मतदानस्थलमा आधारभूत भौतिक संरचनाको व्यवस्था गर्न आयोगको निर्देशन

काठमाण्डु । निर्वाचन आयोगले उपनिर्वाचन हुने स्थानीय तहमाकायमभएकामतदानस्थल/केन्द्रमा आधारभूत भौतिक संरचनाको उचित प्रबन्ध मिलाउन सम्बन्धित स्थानीय तहलाई निर्देशन दिएको छ । आयोगको सोमबार बसेको बैठकले मतदान स्थलमा खानेपानी, शौचालय, विद्युत्, सञ्चार, आवजावतको वैकल्पिक मार्गका साथै ज्येष्ठ नागरिक, महिला तथा अपाङ्गमैत्री बनाउन निर्देशन दिएको हो।

सङ्घीय सरकार र प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा स्थानीय तहका पूर्वाधार तथा भौतिक साधन, सभागृह तथा अतिथि गृह, सवारी साधन र अन्य विद्युतीय उपकरण मर्मत सम्भार गरी उपनिर्वाचनका लागि आवश्यकताअनुसार प्रयोग गर्न आयोगले आग्रह गरेको छ। उपनिर्वाचनका लागि खटाउन सकिने कर्मचारीको विवरण अद्यावधिक गरी र निर्वाचन प्रयोजनका लागि माग भएका बखत तत्काल उपलब्ध गराउने अवस्थामा राख्न पनि आयोगको अनुरोध छ।

यातायात व्यवस्थालाई नियमित र भरपर्दो बनाइ निर्वाचन अधिकृतको कार्यालय रहने स्थानसम्मको आवागमनलाई निर्वाध रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउन स्थानीय तहलाई निर्देशन दिइएको आयोगका प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिनुभयो । आयोगले मतदानस्थल र मतदान केन्द्रसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारसमेत स्थानीय तहबाट प्राथमिकताका साथ आवश्यक मर्मत सम्भार गरी तयारी अवस्थामा राख्न आग्रह गरेको छ।

स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित कुनै संस्था वा निकाय वा सामुदायिक विद्यालयको जग्गा, भवन, फर्निचर वा परिवहनको साधनको प्रयोगमा पूर्णतः रोक लगाउन निर्देशन दिइएको छ । निर्वाचन प्रचारप्रसार सामग्री यथासम्भव समयमै मतदाता समक्ष पुऱ्याउने व्यवस्था मिलाउन पनि आयोगले आग्रह गरेको छ । उपनिर्वाचन सम्पन्न नभएसम्म सम्बन्धित स्थानीय तहले उपभोक्ता समिति गठन, नयाँ योजना सञ्चालन, उद्घाटनलगायत कार्यहरू नगर्ने/नगराउने व्यवस्था मिलाउन आयोगले सूचित गरेको छ।रासस

## उपनिर्वाचनका लागि सुरक्षा व्यवस्था प्रभावकारी बनाउन आयोगको निर्देशन

काठमाण्डु । निर्वाचन आयोगले आसन्न स्थानीय तह उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सुरक्षा व्यवस्था प्रभावकारी बनाउन गृह मन्त्रालयलाई निर्देशन दिएको छ। निर्वाचन आयुक्त सगुन शम्शेर जबराको संयोजकत्वमा बसेको उच्चस्तरीय निर्वाचन सुरक्षा समिति बैठकले स्थानीय तह उपनिर्वाचन सुरक्षा योजनाको कार्यान्वयन गरी सुरक्षा व्यवस्था प्रभावकारी बनाउन निर्देशन दिएको हो।



आयोगले उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न उपयुक्त सुरक्षा व्यवस्था अवलम्बन गरी सार्वजनिक यातायातको सञ्चालन तथा व्यवस्थापन गर्न निर्देशन दिएको छ । मतदानकार्य सम्पन्न भएपश्चात् सोही दिन मतपत्रसहितका मतपेटिका सुरक्षित तवरले मतगणनास्थलसम्म ढुवानी र आवश्यक सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिइएको छ।

उपनिर्वाचन प्रचारप्रसार निषेध अवधिमा आचारसंहिताको पूर्णपालना गर्न/गराउन, आचारसंहिता पालना भए/नभएको अनुमगन गर्न र निषेधित कार्य भए/गरेको पाइएमा तत्काल कारबाही गर्न पनि आयोगले आग्रह गरेको छ।

यही मङ्सिर ५ देखि मतगणना कार्य सम्पन्न नभएसम्म उपनिर्वाचन हुने स्थानीय तहभित्र मदिराजन्य पदार्थ बिक्री वितरण तथा सेवन नियन्त्रण र सम्बन्धित स्थानीय तहसँग जोडिएका राष्ट्रिय राजमार्गमा सार्वजनिक यातायातका साधनको आवागमनको उपयुक्त व्यवस्था मिलाउन आयोगले निर्देशन दिएको छ । निर्वाचनको स्वच्छता, स्वतन्त्रता र निष्पक्षतामा प्रतिकुल प्रभाव नपर्ने गरी सम्बन्धित स्थानीय तहका मतदाताको सहज आवागमनका लागि सार्वजनिक यातायात सञ्चालनको उपयुक्त प्रबन्ध गर्न पनि आयोगले आग्रह गरेको छ।रासस

# जलवायु परिवर्तन न्यूनीकरणमा साझेदार गर्न नेपालको बङ्गादेशलाई आग्रह

बाकु । जलवायु परिवर्तन न्यूनीकरणका लागि साझेदारी गरेर अगाडि बढ्नका लागि नेपालले बङ्गादेशलाई आग्रह गरेको छ।




अरजरबैजानको बाकुमा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरुको सम्मेलन कोप-२९ मा भाग लिन अजरबैजान आउनुभएका वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी र बङ्गादेशका पर्यावरण, वन तथा जलवायु परिवर्तन र जलस्रोतमन्त्री स्येदा रिजवाना हसनबीच सोमबार भएको द्धपक्षीय भेटमा जलवायु परिवर्तनको मुद्दालाई साझा एजेन्डा बनाउन जोड दिइएको हो।

नेपालले बङ्गलादेशलाई जलविद्युत् निर्यात गर्न सुरु गरेको उल्लेख गर्दै मन्त्री शाहीले जलविद्युत् सफा ऊर्जा भएकाले, जलवायु परिवर्तन न्यूनिकणको सन्दर्भमा महत्वपूर्ण रहेको बताउनुभयो। उहाँका अनुसार नेपालमा ऊर्जासम्बन्धी जिम्मेवारी ऊर्जा, जल स्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत भए पनि, जलवायु परिवर्तनको सन्दर्भमा महत्वपूर्ण हुने भएकाले, बङ्गलादेशले स्वच्छ ऊर्जा आयातलाई प्राथमिकतामा राखेको विषय महत्वपूर्ण रहेको बताउनुभयो।

"भविष्यमा हाम्रो ऊर्जासम्बन्धी सहकार्यलाई थप उचाइमा पुऱ्याउन अग्रसर रहन चाहन्छौँ । बङ्गलादेश र नेपालबीच जलवायु परिवर्तनको विषयमा धेरै समानता भएकाले यस विषयमा दुई देशबीच सहकार्यको ठूलो महत्व छ," मन्त्री शाहीले भन्नुभयो- "सन् २०२६ को अन्त्यमा हाम्रा दुवै राष्ट्रहरु अति कम विकसित मुलुकको स्तरबाट अघि बढ्ने भएकाले त्यस बेलाका लागि पनि यो सहकार्य अझ महत्वपूर्ण हुनेछ।"

जलवायु परिवर्तन वार्तामा तीन देश (बङ्गलादेश, भुटान र नेपाल) बीचको सहकार्यको पहललाई अगाडि बढाउन तथा प्राविधिक टोलीलाई त्यसको तयारीका लागि अघि बढ्न र छिट्टै मन्त्रीस्तरीय बैठकको समय तय गर्न मन्त्री शाहीले आह्वान समेत गर्नुभयो । हाम्रो दुई देशका वार्ता टोली लामो समयदेखि सहकार्य गर्दै आउनुभएको छ । यहाँ बाकुमा पनि यसलाई निरन्तरता दिइएको छ । हाम्रा लागि जलवायु विपदसँग जुध्न जलवायु वित्तको आवश्यकता र तापमान वृद्धिलाई १.५ डिग्री सेलसियसमा सीमित गर्ने विषय महत्वपूर्ण छन्", मन्त्री शाहीले भन्नुभयो।

बाकु सम्मेलनले यी महत्वपूर्ण विषयमा निर्णय गर्दै, विशेष गरी जलवायु वित्तका सन्दर्भमा निष्कर्षमा पुग्ने मन्त्री शाहीले विश्वास व्यक्त गर्नुभयो । कोप-२९ को भेटघाट महत्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले नेपाल र बङ्गलादेशबीच द्वीपक्षीय सम्बन्ध तथा सहकार्य आगामी दिनमा झन प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो।

भेटमा बङ्गलादेशका मन्त्री हसनले नेपालसँगको ऊर्जा व्यापार सम्झौताका लागि सहकार्यको प्रशंसा गर्दै भविष्यमा यसलाई निरन्तरता दिँदै जाने आशा व्यक्त गर्नुभयो।रासस

# जलवायु वार्तामा गतिरोध तोड्न जी–२० मा आशा

एएफपी

बाकु । राष्ट्रहरू सोमबार गतिरोधमा परेको संयुक्त राष्ट्रसङ्घीय जलवायु वार्तामा फर्किँदैछन् । संसारको अर्को छेउमा भेला भएका जी-२० नेताहरूले गरिब देशहरूका लागि सम्झौतामा समर्थन जुटाउने आशा गरिएको छ ।अजरबैजानको क्याभर्नस स्टेडियममा दुई हप्ताको सौदाबाजीको आधा समय बित्दा पनि कूटनीतिज्ञहरू कोप-२९ को सफलता वा असफलतालाई परिभाषित गर्ने सम्झौताको नजिक पुग्न सकेका छैनन् ।



बाकुमा वार्ताको जिम्मा लिने सरकारी मन्त्रीहरूसँग विकासशील विश्वलाई विश्वव्यापी तापक्रम वृद्धिको सामना गर्न आवश्यक पर्ने पैसा कसरी उपलब्ध गराउने भन्ने गतिरोध तोड्न शुक्रबारसम्मको समय छ ।वार्षिक शिखर सम्मेलनका लागि ब्राजिलमा भेला हुँदा जी-२० नेताहरूमाथि रोकिएको प्रक्रियालाई समर्थन गर्न दबाब बढिरहेको छ ।

“कोप-२९ को सफल नतिजा अझै पनि सम्भव छ तर यसका लागि नेतृत्व र समझदारी, विशेष गरी जी-२० देशहरूबाट आवश्यक पर्छ”, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आइतबार रियो डी जेनेरियोमा भन्नुभयो । गुटेरेस विश्वको सबैभन्दा ठूला अर्थतन्त्रहरूको समूह जी-२० शिखर सम्मेलनमा सहभागी हुनुहुन्छ ।“स्वाभाविक रूपमा जी-२० मा ध्यान केन्द्रित छ । उनीहरूले विश्वव्यापी उत्सर्जनको ८० प्रतिशत हिस्सा ओगट्छन्”, समूहलाई ‘उदाहरण बनेर नेतृत्व गर्न’ आह्वान गर्दै उहाँले भन्नुभयो ।

**- आयोजकमाथि दबाब -**

संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्पको पुनर्निर्वाचनको छायाँमा सम्मेलन सुरु भयो र विश्वव्यापी जलवायु लडाइँका लागि समर्थन जुटाउने प्रयासले अर्जेन्टिनाको प्रतिनिधिमण्डल शिखर सम्मेलनबाट फिर्ता भएपछि अर्को धक्का खायो ।कोप-२९ मा झन्डै दुई सय राष्ट्रले विकासोन्मुख देशहरूलाई ‘हिट-ट्र्यापिङ’ ग्यासको उत्सर्जन कटौती गर्न र बढ्दो जलवायु धक्काहरू विरुद्ध लचिलोपन निर्माण गर्न पर्याप्त रकम उपलब्ध गराउने नयाँ सम्झौताको वार्ता गरिरहेका छन् ।

चीन बाहेकका विकासोन्मुख देशहरूको आवश्यकता मूल्याङ्कन गर्न संयुक्त राष्ट्रसङ्घद्वारा नियुक्त स्वतन्त्र अर्थशास्त्रीहरूका अनुसार यसका लागि दशकको अन्त्यसम्ममा वार्षिक १० खर्ब डलर बाह्य सहायता आवश्यक पर्नेछ ।जलवायु-जोखिममा रहेका राष्ट्रहरूले यसको एक हिस्सा विकसित देशहरूले तिर्नुपर्ने चाहन्छन् तर दाताहरूले उनीहरू एक्लैले त्यो रकम जुटाउन नसक्ने र निजी क्षेत्र पनि संलग्न हुनुपर्ने बताउँछन् ।

उनीहरूले जलवायु वित्त तिर्न बाध्य नभएका धनी उदीयमान अर्थतन्त्रहरू विशेषगरी चीनले पनि बोझ बाँड्नुपर्ने चाहन्छन् ।युरोपेली सङ्घ अन्तर्राष्ट्रिय जलवायु वित्तको सबैभन्दा ठूलो योगदानकर्ता हो तर यसले राजनीतिक र बजेट दबाबको सामना गरिरहेको छ र ट्रम्पअन्तर्गत अमेरिकाले भुक्तानी गर्न अस्वीकार गरेमा एक्लै पर्न सक्छ ।बाकुमा भएको सौदाबाजी हिमनदी जस्तै सुस्त रहेको छ तर चिनियाँ र युरोपेली अधिकारीहरूबीचको बैठकलाई अन्यथा निराशाजनक हप्तामा आशाको किरण मानिएको छ ।

पर्यवेक्षकहरूका अनुसार वर्षौंयताकै सबैभन्दा जटिल मानिएको जलवायु वार्ताको नेतृत्व गर्न महत्त्वपूर्ण नेतृत्वको आवश्यकता रहेको बेला कोप-२९ को आयोजक अजरबैजानसँग कूटनीतिक अनुभवको कमी छ।अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभ जीवाश्म इन्धनको बचाउ गरेकोमा आलोचनामा पर्नुभयो । त्यस्तै फ्रान्सको औपनिवेशिक इतिहासबारे उहाँको आक्रामक टिप्पणीका कारण पेरिसका जलवायु दूतले बाकुको टिकट रद्द गर्नुभयो ।

वित्तीय गतिरोधका अतिरिक्त कोप-२९ मा देशहरूले गत वर्षको ऐतिहासिक विश्वलाई जीवाश्म इन्धनबाट टाढा लैजाने प्रतिबद्धतालाई पुनः दोहोर्याउनुपर्ने छ कि छैन भन्ने विवाद पनि उठिरहेको छ ।पहिलो दिन कोप-२९ को औपचारिक एजेन्डामा यो विषय समावेश गर्ने कि नगर्ने विवादले शिखर सम्मेलनको सुरुआत नै केही घण्टा ढिला भएको थियो ।“हामी अत्यन्त निराश छौँ, उत्सर्जन कटौतीका प्रयासहरू कोप-२९ मा खाली पृष्ठभन्दा बढी केही थिएनन्”, युरोपेली सङ्घको तर्फबाट बोल्दै भेरोनिका स्कोलाज्स्टिका बागीले शनिबार भन्नुभयो ।

# बेरुतमा भएको इजरायली हमलामा हिजबुल्लाह अधिकारीसहित छ जनाको मृत्यु

एएफपी

बेरूत । मध्य बेरुतमा आइतबार भएको दुई इजरायली आक्रमणमा छ जनाको मृत्यु भएको लेबनानले जनाएको छ । हिज्बुल्लाहले मृतक मध्यमा आफ्ना प्रवक्ता समेतरहेको पुष्टि गरेको छ ।गत सेप्टेम्बर-२३ मा पूर्ण युद्ध सुरु भएदेखि इजरायलले बेरुतको दक्षिणी उपनगर, हिजबुल्लाहको गढमा निरन्तर आक्रमण गरिरहेको छ भने मध्य बेरुतमा तुलनात्मक रुपमा कम आक्रमणहरू भएका छन् ।

बेरुतको रास अल-नबा नाम नछाप्ने सर्तमा आक्रमणले इलेक्ट्रोनिक्स स्टोर र गाडीमा प्रहार गरेको जनाएको छ । प्यालेस्टिनी उग्रवादी समूह हमास र लेबनानको हिजबुल्लाहसँग सम्बद्ध सुन्नी मुस्लिम समूहलाई उल्लेख गर्दै एनएनएले “जामा इस्लामिया केन्द्रलाई लक्षित“ गरेको बताएको छ ।

यद्दपी जामा इस्लामियाका सांसद इमाद हाउटले समूहमा सम्बद्ध केन्द्र वा संस्था आक्रमणले लक्षित गरेको क्षेत्रमा अवस्थित नरहेको र समूहका कुनै पनि सदस्यलाई



जिल्लामा भएको पहिलो आक्रमणमा हिजबुल्लाहको मिडिया प्रमुख मोहम्मद अफीफसहित चार जनाको मृत्यु भएको हिजबुल्लाह तथा इजरायली सेनाले जनाएको छ ।मार इलियासमा भएको दोस्रो आक्रमणमा दुई जनाको मृत्यु हुनुका साथै २२ जना घाइते भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। आधिकारिक राष्ट्रिय समाचार एजेन्सीले इजरायलले मार इलियास क्षेत्रमा आक्रमण गर्दा उक्त स्थानमा द्वन्द्वबाट विस्थापित मानिसहरू पनि रहेका थिए ।

आक्रमणमा जलेको तीव्र गन्धको बिचमा विस्फोट र साइरनको आवाज सुनिएको जनाउदै एएफपीले घटनास्थलमा आगो लागेको र अग्नि नियन्त्रकहरुले नियन्त्रण गर्ने प्रयास गरिरहेको देखाएको छ। लेबनानी सुरक्षा स्रोतले लक्षित नगरिएको जनजाएको छ। यस अघि मध्य बेरुतको रास अल-नबा जिल्लामा गरिएको आक्रमणमा आफिफको मृत्यु भएको थियो। जसलाई इजरायली सेनाले हिजबुल्लाहको “प्रमुख प्रचारक“ भनेर वर्णन गरेको थियो ।उक्त घटनामा एक महिलासहित चार जनाको मृत्यु हुनुका साथै अन्य १४ जना घाइते भएको लेबनानको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

आइतबारको आक्रमण पछि लेबनानका शिक्षा मन्त्री अब्बास हलाबीले बेरुत क्षेत्रका विद्यालय र उच्च शिक्षा संस्थानहरू दुई दिनका लागि बन्द रहने बताउनु भएको छ। लेबनानको दक्षिणी टायर क्षेत्रमा आइतबार इजरायली हमलामा ११ जनाको मृत्यु हुनुका साथै ४८ जना घाइते भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# युक्रेनलाई रूस विरुद्ध लामो दुरीको क्षेप्यास्त्र प्रयोग गर्न बाइडेनको स्वीकृति



एएफपी

किएभ । अमेरिकी राष्ट्रपति जो बाइडेनले किएभलाई रूसमा लामो दूरीका अमेरिकी क्षेप्यास्त्र (मिसाइलहरू) प्रयोग गर्न स्वीकृति दिनु भएको छ।

एक अमेरिकी अधिकारीले नाम न छाप्ने सर्तमा द न्युयोर्क टाइम्स र द वासिङ्टन पोस्टको रिपोर्टलाई पुष्टि गर्दै युक्रेनले लामो समयदेखि माग गर्दै आएको नीति परिवर्तन उत्तर कोरियाले मस्कोको युद्ध प्रयासलाई सहयोग गर्न सेना तैनाथ गरेको प्रतिक्रियामा यो स्वीकृति आएको बताएका छन् ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले लामो समयदेखि वासिङ्टनबाट शक्तिशाली मिसाइल प्रणाली प्रयोग गर्ने अधिकारका लागि आग्रह गर्दै आउनु भएको थियो । क्रेमलिनबाट भने यो समाचारमा बारेमा तत्काल कुनै प्रतिक्रिया आएको छैन । रया नोभोस्ती एजेन्सीले रूसी तल्लो सदन (डुमा)को रक्षा समितिका प्रमुख आन्द्रेई कार्तापोलोभलाई उद्धृत गर्दै युक्रेनमा कुनै पनि कुराले अपरेसनको मार्ग परिवर्तन नगर्ने जनाएको छ।

उत्तर कोरियाली सेनाको युद्धमा प्रवेश तथा आइतबारको ठूलो रूसी मिसाइल आक्रमणको सन्दर्भमा राष्ट्रपति बाइडेनले (रूसी राष्ट्रपति) पुटिनले बुझ्ने भाषामा प्रतिक्रिया दिएको विदेश मन्त्री रादोस्ला सिकोर्स्कीले एक्स मार्फत जनाउनु भएको छ । आक्रमणको सिकार भएकोलाई आफ्नो रक्षा गर्ने अधिकार रहेको उहाँले बताउनु भएको छ।

युक्रेन युद्धमा आफूलाई तटस्थ पक्षको रूपमा प्रस्तुत गरेको चीनले शान्तिपूर्ण समाधानका लागि आग्रह गरेको छ ।“प्रारम्भिक युद्धविराम र राजनीतिक समाधानले सबै पक्षको हितमा काम गर्ने अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले नियमित ब्रीफिंगमा बताउनु भएको छ । आइतवार साँझको सम्बोधनमा जेलेन्स्कीको प्रतिक्रिया मौन रहेको जनाइएको छ।

जाडो नजिकिँदै जाँदा बिजुली कटौती तथा ११ जना सर्वसाधारणको ज्यान लिने आक्रमण र पहिले नै नाजुक ऊर्जालाई थप क्षति पुर्याउने ठूलो आक्रमण गरेपछि युक्रेनले सोमबारदेखि देशव्यापी आपतकालीन बिजुली प्रतिबन्धको घोषणा गरेको केही समय पछि बाइडेनको यस्तो स्वीकृति आएको हो ।उत्तरपूर्वी सहर सुमीमा आइतबार साँझ भएको अर्को आक्रमणमा दुई बालकसहित दश जनाको मृत्यु भएको छ ।रूसको यो कार्यले द्रुतरुपमा अन्तर्राष्ट्रिय निन्दा बटुलि रहेको छ।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले “ऊर्जा र महत्वपूर्ण नागरिक पूर्वाधार“ लाई लक्षित गरी गरेको आक्रमणको निन्दा गरेको उहाँका प्रवक्ता स्टेफन डुजारिकले एक विज्ञप्ति मार्फत जनाउनु भएको छ ।युरोपियन युनियनकी प्रमुख उर्सुला भोन डेर लेयनले ब्राजिलको ग्लोबो न्यूजमा टिप्पणी गर्दै पावर ग्रिडमा भएको आक्रमण “भयानक“ भएको बताउनु भएको छ।

मस्कोले किभका साथै देशको दक्षिणी, मध्य र सुदूर पश्चिमी कुनाहरूलाई लक्षित गर्दै १२० मिसाइल तथा लगभग सय ड्रोन प्रक्षेपण गरेको बताउनु भएको छ। मस्को युक्रेनको पूर्वमा लगातार अगाडि बढिरहेका अवस्थामा बाइडेनको घोषणा आएको छ भने ह्वाइट हाउसमा डोनाल्ड ट्रम्पको पुनरागमनले किभका लागि अमेरिकी समर्थनको भविष्यमा डर खडा गरेको छ।

युद्धको तेस्रो जाडो अहिलेसम्म सबैभन्दा कठिन हुने धेरैलाई डर छ भने अघिल्ला रुसी आक्रमणले युक्रेनको आधा ऊर्जा उत्पादन क्षमतालाई नष्ट गरिसकेको जेलेन्स्कीले बताउनु भएको छ ।पश्चिम र युक्रेनका अनुसार हजारौं उत्तर कोरियाली सैनिकहरू रसियामा छन् भने केही कुर्स्क क्षेत्रमा छन् ।

# अमेरिका र फिलिपिन्स द्वारा सैन्य जानकारी आदान प्रदान गर्ने सम्झौता

एएफपी

मनिला । अमेरिका र फिलिपिन्सका रक्षा प्रमुखहरूले सोमबार वर्गीकृत सैन्य सूचना र प्रविधि आदान प्रदान गर्ने सम्झौतामा हस्ताक्षर गरेका छन् ।

अमेरिकी रक्षा सचिव लोयड अस्टिनले मनिला भ्रमणको क्रममा फिलिपिन्सका समकक्षी



गिल्बर्टो टिओडोरोसँग सम्झौतामा हस्ताक्षर गर्नु भएको हो भने राष्ट्रपति फर्डिनान्ड मार्कोस पनि यस सम्झौतामा सहभागी रहेको जनाइएको छ। सैन्य सूचना सम्झौताले वर्गीकृत जानकारी आदान प्रदान गर्ने अनुमति दिई प्रविधिहरूको बिक्रीलाई सुव्यवस्थित गर्ने अधिकारीहरूले बताएका छन्। यसै गरी फिलिपिन्सको रक्षा मन्त्रालयले उक्त दस्तावेजलाई “फिलिपिन्स र अमेरिकाबिच सूचना साझेदारी बढाउने महत्वपूर्ण कार्य भएको जनाएको छ।

मार्कोस सरकारले दक्षिण चीन सागरको अधिकांश भूभागमा बेइजिङको क्षेत्रीय दावीको विरुद्धमा पछाडि धकेलेको छ भने राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्प कार्यालयमा फर्कने तयारीमा हुनुहुन्छ ।चीनले आफ्नो दावीको कुनै कानुनी आधार नभएको अन्तर्राष्ट्रिय फैसला खारेज गरी सेना र तट रक्षक जहाजहरू तैनाथ गरेको छ ।यसै गरी मनिलाले आफ्ना जहाजहरूलाई दवावमा पारी पानी ,केही चट्टान र टापुहरूमा पहुँच विहिन गराएको बताएको छ।

यसले हिंसात्मक भिडन्त निम्त्याउदा विगत १८ महिनामा कँयौं फिलिपिनो कर्मचारीहरू घाइते हुनुका साथै उनीहरूका जहाजमा क्षति पुगेको जनाइएको छ। यसले फिलिपिन्ससँगको आपसी रक्षा सन्धिको कारण संयुक्त राज्य अमेरिका सशस्त्र द्वन्द्वमा पर्न सक्ने चिन्तालाई बढाएको छ ।फिलिपिन्सको रक्षा मन्त्रालयले अस्टिनले मङ्गलबार पश्चिमी टापु पलावनको भ्रमण गर्ने र दक्षिण चीन सागरमा गस्ती र रक्षाका लागि जिम्मेवार फिलिपिन्सका सेनाहरूसँग बैठक गर्ने बताएको छ।

# प्रदूषणका कारण भारतको राजधानीमा विद्यालयहरू बन्द

एएफपी

नयाँदिल्ली । भारतको राजधानी नयाँदिल्लीले बढ्दो विषाक्त धुवाँका कारण सोमबारदेखि अर्को सूचना नहुँदासम्म विद्यालयहरूलाई अनलाइन कक्षामा रूपान्तरण गरेको छ। यो विशाल महानगरको स्वास्थ्य सङ्कट कम गर्ने पछिल्लो प्रयास हो।

आइतबार साँझ विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेको दैनिक अधिकतम मात्राभन्दा ५७ गुणा बढी पीएम२.५ प्रदूषकहरू (फोक्सोमार्फत रक्त प्रवाहमा प्रवेश गर्ने खतरनाक क्यान्सर-कारक सूक्ष्म कणहरू) रेकर्ड गरिएको थियो ।सोमबार बिहान यी मात्राहरू चेतावनी सीमाभन्दा करिब ३९ गुणा माथि थिए र सहर बाक्लो खैरो र पीडादायक धुवाँले ढाकिएको थियो ।यो सहर प्रत्येक वर्ष पीडादायक धुवाँले ढाकिने गर्दछ । विशेष गरी छिमेकी क्षेत्रहरूमा किसानहरूले जोत्नका लागि आफ्नो खेतहरू सफा गर्न पराल जलाउने, साथै कारखाना र सवारी साधनको धुवाँलाई दोष दिइन्छ।



हावाको गुणस्तर ‘अझ बिग्रनबाट रोक्ने प्रयासमा’ सहरका अधिकारीहरूले यी प्रतिबन्धहरू लगाएका हुन् । अधिकारीहरूले बच्चाहरूलाई घरमै राखेर सवारी साधनको चाप उल्लेख्य रूपमा घटाउन सकिने आशा राखेका छन् ।“कक्षा १० र १२ बाहेक सबै विद्यार्थीका लागि भौतिक कक्षाहरू बन्द गरिनेछ”, एउटै नाम प्रयोग गर्ने मुख्यमन्त्री आतिशीले आइतबार राति जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ।

प्राथमिक विद्यालयहरूलाई बिहीबार व्यक्तिगत कक्षाहरू बन्द गर्न आदेश दिइएको थियो। सोमबार डिजेल सञ्चालित ट्रकहरू र निर्माण कार्य सीमित गर्ने लगायत थप प्रतिबन्धहरू लगाइएको छ ।सरकारले बालबालिका र वृद्धवृद्धाका साथै फोक्सो वा मुटुको समस्या भएका व्यक्तिहरूलाई ‘सकेसम्म घरभित्रै बस्न’ आग्रह गरेको छ।

सहरका धेरैले एयर फिल्टर किन्न सक्दैनन् । उनीहरूसँग हजारौं समयभन्दा अघि नै मृत्यु हुने कारण मानिएको दुर्गन्धित हावाबाट प्रभावकारी रूपमा जोगिन सक्ने घरहरू पनि छैनन् ।यी आदेश सोमबार बिहानदेखि लागू भएका छन् ।तीन करोडभन्दा बढी मानिस बस्ने नयाँदिल्ली र यसको वरिपरिको महानगरीय क्षेत्र हिउँदमा वायु प्रदूषणको विश्व र्याङ्किङमा लगातार शीर्ष स्थानमा रहन्छ।

चिसो तापक्रम र सुस्त गतिको हावाले हरेक हिउँद मध्य अक्टोबरदेखि कम्तीमा जनवरीसम्म घातक प्रदूषकहरूलाई समातेर स्थिति झन् खराब बनाउँछ ।भारतको सर्वोच्च अदालतले गत महिना स्वच्छ हावा मौलिक मानव अधिकार भएको फैसला गर्दै केन्द्र सरकार र राज्यस्तरका अधिकारीहरू दुवैलाई कारबाही गर्न आदेश दिएको थियो।

# श्रीलङ्कामा नयाँ मन्त्रिपरिषद् द्वारा शपथ ग्रहण

सिन्ह्वा

श्रीलङ्का । श्रीलङ्काको कोलम्बो स्थित राष्ट्रपति सचिवालयमा सोमबार नव गठित मन्त्री परिसद्मा समावेश मन्त्रीहरूले राष्ट्रपति अनुरा कुमार दिसानायके समक्ष शपथ लिएका छन् । दिसानायकेको उक्त मन्त्री परिषदमा २१ जना मन्त्रीहरु रहेको तथा उपमन्त्रीहरूले पछि शपथ लिने कार्यक्रममा घोषणा गरिएको थियो । दिसानायकले सेप्टेम्बर-२१ को राष्ट्रपति चुनाव जितेपछि हरिनी अमरसुरिया र विजिता हेराथको सामायोनमा मन्त्रीमण्डल निर्माण गर्नु भएको छ। नयाँ मन्त्री परिषदमा नोभेम्बर-१४ को संसदीय चुनावमा निर्वाचित नेसनल पिपुल्स पावर (एनपीपी) का १५९ संसद मध्येबाट नयाँ मन्त्रीहरू चुनिएको जनाइएको छ । श्रीलङ्कामा समानुपाती प्रतिनिधित्व प्रणाली लागु भएपछि संसदमा कुनै राजनीतिक पार्टीले दुई तिहाइ बहुमत प्राप्त गरेको यो पहिलो पटक हो ।नयाँ मन्त्रीमण्डलमा अमरसूरियालाई प्रधानमन्त्री र हेराथलाई विदेश मामिला, विदेश रोजगार र पर्यटन मन्त्रीको रूपमा पुनः नियुक्त गरिएको छ। नयाँ मन्त्रीमण्डललाई सम्बोधन गर्दै राष्ट्रपति दिसानायकले श्रीलङ्काको राजनीतिक र आर्थिक मार्ग परिवर्तन गर्न जनताले सेप्टेम्बर र नोभेम्बरमा लगातार दुईपटक एनपीपीलाई मतदान गरेको उल्लेख गर्नु भएको छ।

# पूर्वप्रधानमन्त्री हसिनालाई पक्राउ गर्ने कदमबारे प्रहरीको प्रगति सुन्ने

एपी

ढाका। बङ्गलादेशको विशेष न्यायाधिकरणले सोमबार देशका सुरक्षा निकायहरूले पदच्युत पूर्वप्रधानमन्त्री शेख हसिना र उहाँका नजिकका सहयोगीहरूलाई पक्राउ गर्न के-के गरेका छन् भन्ने बारेमा अपडेट सुन्नेछ। यी व्यक्तिमाथि यस गृष्म ऋतुमा समक्ष उपस्थित हुनेछन्। न्यायाधिकरणका अधिकारीहरूका अनुसार अन्य छ जना बुधबार उपस्थित हुनेछन्। यस मुद्दामा कम्तीमा २० जना शङ्कास्पद व्यक्ति पक्राउ परेका छन्।

न्यायाधिकरणले हसिनासहित अन्य शङ्कास्पद व्यक्तिहरूलाई पक्राउ गर्ने क्रममा



भएको जन विद्रोहमा सयौं मानिसको मृत्युको आरोप लागेको छ।

विद्यार्थी नेतृत्वको विरोध प्रदर्शनका बीच अगस्ट ५ मा देश छोडेर हसिना भारतमा निर्वासनमा बसिरहनुभएको छ। ढाकास्थित अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले अक्टोबर १७ मा हसिना र पूर्व क्याबिनेट मन्त्रीहरू, सल्लाहकारहरू र सैन्य र नागरिक अधिकारीहरू सहित अन्य ४५ जनाका लागि पक्राउ पुर्जी जारी गरेको थियो। बङ्गलादेश अहिले नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले सञ्चालन गरिरहेको छ।

न्यायाधिकरणका अभियोजक बि.एम. सुल्तान महमुदका अनुसार पूर्वकानून मन्त्री र हसिनाका निजी क्षेत्रका सल्लाहकार रहेका एक व्यवसायीसहित कम्तीमा १४ जना सोमबार न्यायाधिकरण प्रहरीको प्रगतिबारे पनि अपडेट माग्नेछ ।न्यायाधिकरणका मुख्य अभियोजकले हसिनालाई पक्राउ गर्न देशको प्रहरी प्रमुखमार्फत इन्टरपोलको सहयोग मागिसकेका छन्। आइतबार राष्ट्रलाई सम्बोधन गर्दै युनुसले उहाँको प्रशासनले भारतबाट हसिनाको सुपुर्दगी माग गर्ने बताउनुभयो।

अधिकारीहरूका अनुसार जुलाई र अगस्टमा भएको विद्रोहमा मुख्यतया सरकारी जागिरका लागि प्रारम्भिक विरोध प्रदर्शन रोक्न खोज्ने सुरक्षा एजेन्टहरूद्वारा सयौं मानिस मारिएका थिए। हसिनाको १५ वर्षको शासनको अन्त्य गर्दै विरोध प्रदर्शन थप रक्तपातका साथ सरकार विरोधी आन्दोलनमा परिणत भएपछि हिंसा तीव्र भएको थियो। हसिनाले यसअघि पनि हत्याको अनुसन्धानको माग गर्नुभएको थियो।

# आन्तरिक पर्यटकको रोजाइमा पदयात्रा

काठमाण्डु । लगातारको हिँडाइले थाकेका गोडा पटक्कै उकालो सरिरहेका थिएनन् । तर, चितवनकी अचर्ना कार्कीको पदयात्रा रोकिएन । मर्दी हिमालको फेदैमा पुग्ने उहाँको इच्छाशक्ति सामु थकित शरीर र फतक्कै गलेका गोडाले अवरोध गर्नै सकेनन् ।

तिहार पर्व मर्दी हिमालक्षेत्रमै मनाउने उद्देश्यले उहाँ पदयात्रामा निस्कनुभएको थियो, साथमा परिवार र साथीभाई लिएर । उहाँले भन्नुभयो, "शरीर थाके पनि जति हिँड्यो त्यति नजिक देखिने हिमालले शरीरमा थप ऊर्जा थप्ने रहेछ ।"

कार्कीले पहिलो पटक पदयात्राको अनुभव लिएको बताउनुभयो । पछिल्लो समय फुर्सदमा पदयात्रामा निस्कने सँस्कारको विकास हुन थालेको छ । युवा पुस्तादेखि पाका पुस्तासमेत पदयात्रामा रमाउन थालेका छन् । कार्कीले तिहारमा टिका लगाउन नमिल्ने भएपछि घुम्न जाने गन्तव्यको रुपमा मर्दी 'ट्रेक' रोज्नुभएको थियो । जब उहाँ पदयात्रा सकेर फिर्नुभयो । उहाँले प्राकृतिक दृश्यसँगै केही फरक अनुभूति गर्ने अवसर पाएको बताउनुभयो । "हिँड्दा हिँड्दै जङ्गलको शान्त वातावरण महसुस गर्न पाएँ", उहाँले भन्नुभयो, "यस्तो प्राकृतिक शान्ति कोलाहलले भरिएको सहरमा कहाँ पाउनु ?" कार्कीले सकेमा वर्षमा एक पटक पदयात्रा आवश्यक रहेको बताउनुभयो । यसले शारीरिक र मानसिक दुवै तन्दुरुस्ती राख्नलाई फाइदा पुग्ने उहाँको ठम्याइ छ ।

कार्कीकै साथी सपना थापाले पहिलो पदयात्रा मर्दी हिमाल आधारशिविर पुगेर पूरा गर्नुभयो । वर्षभरि जागिर, परिवार र दैनिक जीवनको सङ्घर्षमा आफ्नो लागि समय नमिल्ने हुँदा फुर्सदको सदुपयोग गर्न पदयात्रामा निस्किएको उहाँले बताउनुभयो । सुरुमा पहाडको उकालो चढेर के हुन्छ ? भन्ने नकारात्मक भाव पैदा हुन्थ्यो । अरुले पदयात्रा गरेर इन्स्टाग्राम, फेसबुक जस्ता सामाजिक सञ्जालमा फोटो पोस्ट गरेको देखेपछि विस्तारै उहाँमा पदयात्रा मोह बढ्दै गयो । जब उहाँले मर्दी ट्रेक पूरा गर्नुभयो । त्यसपछि पदयात्रा र भ्रमणप्रतिको विचार नै परिवर्तन भएको छ । उहाँले पहिलो पदयात्राको अनुभव सुनाउँदै भन्नुभयो, "पहाड चढ्नु मात्रै होइन, यात्राका क्रममा देखिने जनजीवनले थुप्रै जीवन उपयोगी कुरा सिक्न र देख्न पाइँदो रहेछ ।"



विराटनगरकी प्रज्ञा दाहाल नेपालको भौगोलिकस्थिति प्रत्यक्ष हेर्न रुचाउनुहुन्छ । सम्भव भएसम्म मुलुकका पर्यटकीय गन्तव्य घुम्ने योजना उहाँको छ । बैंकका जागिरे दाहालले आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने हुँदा स्वदेश घुमफिरलाई पहिलो रोजाइमा राखेको बताउनुभयो । "आफ्नो देशको भूगोल, कला संस्कृति र सभ्यता बुझ्न पनि पदयात्रा जरुरी छ", उहाँले भन्नुभयो, "हामीले घुम्दा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुग्छ । अर्थतन्त्रमा सुधार आउँछ ।"

बानेश्वरका विमल भट्टराई प्रत्येक वर्ष छोराछोरीसहित पदयात्रामा निस्कनुहुन्छ । उहाँले आफ्ना दुई छोरीलाई आन्तरिक पर्यटनको महत्त्व बुझाउन र संस्कृति सिकाउन यात्रामा लैजाने गरेको बताउनुभयो । बुवाको साथमा पदयात्रामा निस्कनुभएकी सुविमा भट्टराईले यात्राका क्रममा देखेका र भोगका अनुभूति डायरीमा टिपेर राख्नुभयो । कक्षा १२ मा अध्ययनरत उहाँले पछि त्यही डायरीमा आधारित किताब निकाल्ने सोच बनाउनुभएको छ ।

किताबमा हिमाल र पहाडको बारेमा जति पढिएको हुन्छ, त्यसको वास्तविक अनुभूति गर्न यात्रा नै जरुरी हुने उहाँको अनुभव छ । मर्दी ट्रेकमा जुकाले हातमा टोकेको क्षण उहाँको लागि अद्भूत बन्यो । यसअघि उहाँले जुका भन्ने सुन्नुभएको थियो, तर कसरी टोक्छ र टोकेपछि के हुन्छ ? थाहा थिएन । भट्टराईका अनुसार प्रकृतिको प्रत्यक्ष महसुस गर्न कोठाबाहिर हिँड्नैपर्छ । "कोठैमा बसेर मोबाइल हेरेर कहाँ यस्तो जुकाको जीवन नियाल्न पाइन्थ्यो र ?", उहाँ भन्नुहुन्छ, "मैले ट्रेकिङलाई सिक्ने र अनुभव गर्ने खुला विद्यालय मान्छु ।"

तिहारको अवसर पारेर मर्दी हिमाल पदयात्रा गर्नुभएका दाङका अघर दाहालले शरीर चुस्त राख्न र मस्तिष्कलाई ताजा बनाउन पदयात्रा उपयुक्त हुने बताउनुहन्छ । घरको वरिपरि हिँड्डुल गर्दा मोटरसाइकलको सहायता लिने उहाँले तीन दिनमा चार हजार पाँच सय उचाइमा रहेको मर्दी हिमाल आधारशिविर पुग्ने आँट गर्नुभयो । सबैले पहाड चढ्न सक्दैनस् भन्दै होच्याउँथे । त्यसैले उहाँमा थोरै इख थियो । पहाड चढेरै छोड्छु भन्ने अठोट थियो । तराईमा हुर्किनुभएका उहाँको परिवारका कुनै सदस्य हालसम्म हिमाली भेगमा पदयात्राका लागि जानुभएको छैन । दाहाल भन्नुहुन्छ, "मैले आँट गरेँ र सफल भएँ । पदयात्राले लक्ष्य प्राप्ति गर्न धैर्य गर्न सिकाउने रहेछ ।"

मर्दीका होटल व्यवसायी माया गुरुङ पछिल्लो समय आन्तरिक पर्यटककै भरमा व्यवसाय धानिएको बताउनुहुन्छ । "नेपालीहरु परिवारसहित घुम्ने संस्कृतिको सुरुवात भएको छ", उहाँले भन्नुभयो, "नेपालीलाई सत्कार गर्न सजिलो पनि हुन्छ ।"

१२ वर्षदेखि मर्दी हिमाल क्षेत्रमा होटल व्यवसाय सञ्चालन गर्दै आउनुभएका मर्दी हिमाल हाइ क्याम्पका अध्यक्ष राजकुमार तामाङका अनुसार आन्तरिक पर्यटक वृद्धि हुनुले पर्यटनमा दीर्घकालीन स्थायित्वको सम्भावना हुन्छ । मर्दी हिमाल पदयात्राका लागि ७४ वटा होटल सञ्चालित छन् । विदेशी र नेपाली पर्यटकहरु नजिकै माछापुच्छ्रे हिमाल, मर्दी, अन्नपूर्ण हिमश्रृङ्खलालगायत दृश्य एकैसाथ हेर्न मर्दी पदयात्रामा आउने गर्छन् । नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार अक्टोबरमा कूल एक लाख २४ हजार तीन सय ९३ विदेशी पर्यटक भित्रिएका छन् ।

अघिल्लो वर्षको तुलनामा यसवर्ष सोही अवधिमा छ दशमलव चार प्रतिशतले वृद्धि भएको हो । तुलनात्मक रुपमा आन्तरिक पर्यटकको आर्कषण पनि लोभ लाग्दो रहेको बोर्डका निर्देशक मणिराज लामिछानेले बताउनुभयो । ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) का अध्यक्ष सागर पाण्डेले पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षण बढ्नु स्वभाविक रहेको बताउनुभयो । घुम्ने सँस्कृतिको विकास भएको र मान्छेले आयआर्जन गर्न थालेकाले खर्च गर्न थालेको उहाँले बताउनुभयो । आन्तरिक पर्यटक वृद्धि हुँदा प्रादेशिक अर्थतन्त्रमा टेवा पुग्ने तर राष्ट्रिय अर्थतन्त्र उकास्न चाहीँ विदेशी पर्यटक नै मूलस्रोत रहेको अध्यक्ष पाण्डेको बुझाइ छ ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ ।

केन्द्रीय बैंकले सार्वजनिक गरेको विवरणअनुसार, विदेशी मुद्राको खरिददर र बिक्री दरमा सामान्य मात्रै परिवर्तन भएको छ । विवरणअनुसार, अमेरिकी डलरको खरिददर एक सय ३४ रुपैयाँ ७४ पैसा, बिक्रीदर एक सय ३५ रुपैयाँ ३४ पैसा निर्धारण भएको छ । यूरोपियन यूरो एकको खरिददर एक सय ४२ रुपैयाँ चार पैसा, बिक्री दर एक सय ४२ रुपैयाँ ६७ पैसा, पाउण्ड स्टर्लिङ एकको खरिद दर एक सय ७० रुपैयाँ चार पैसा र बिक्री दर एक सय ७० रुपैयाँ ८०



पैसा निर्धारण भएको छ ।

केन्द्रीय बैंकले स्वीस फ्याङ्क एकको खरिद दर एक सय ५१ रुपैयाँ ७३ पैसा, बिक्री दर एक सय ५२ रुपैयाँ ४० पैसा, अष्ट्रेलियन डलर १ को खरिद दर ८७ रुपैयाँ सात पैसा, बिक्री दर ८७ रुपैयाँ ४६ पैसा निर्धारण भएको जनाएको छ । क्यानेडियन डलर एक को खरिद दर ९५ रुपैयाँ ६२ पैसा, बिक्री दर ९६ रुपैयाँ पाँच पैसा, सिङ्गापुर डलर १ को खरिद दर एक सय रुपैयाँ ३५ पैसा, बिक्री दर एक सय रुपैयाँ ७९ पैसा बराबर रहने गरी विनिमयदर तय गरेको छ । यस्तै, जापानी येन १० को खरिद दर आठ रुपैयाँ ७३ पैसा, बिक्री दर आठ रुपैयाँ ७७ पैसा तय भएको छ ।

चिनियाँ यूआन एकको खरिद दर १८ रुपैयाँ ६३ पैसा, बिक्री दर १८ रुपैयाँ ७१ पैसा, साउदी रियाल एक को खरिद दर ३५ रुपैयाँ ९१ पैसा, बिक्री दर ३६ रुपैयाँ सात पैसा, कतारी रियाल एक को खरिद दर ३६ रुपैयाँ ९६ पैसा, बिक्री दर ३७ रुपैयाँ १३ पैसा तय भएको केन्द्रीय बैंकले जनाएको छ । यस्तै, थाई भाट एकको खरिददर तीन रुपैयाँ ८७ पैसा, बिक्री दर तीन रुपैयाँ ८९ पैसा, यूएई दिराम एक को खरिद दर ३६ रुपैयाँ ६८ पैसा, बिक्री दर ३६ रुपैयाँ ८५ पैसा निर्धारण भएको छ ।

मलेसियन रिङ्गेट एकको खरिद दर ३० रुपैयाँ १४ पैसा, बिक्री दर ३० रुपैयाँ २७ पैसा, दक्षिण कोरियाली वन १०० को खरिद दर नौ रुपैयाँ ६५ पैसा र बिक्री दर नौ रुपैयाँ ७० पैसा निर्धारण भएको छ । स्वीडिस क्रोनर एकको खरिद दर १२ रुपैयाँ २७ पैसा, बिक्री दर १२ रुपैयाँ ३३ पैसा, डेनिस क्रोनर एकको खरिद दर १९ रुपैयाँ चार पैसा र बिक्री दर १९ रुपैयाँ १३ पैसा, हङकङ डलर एकको खरिद दर १७ रुपैयाँ ३१ पैसा र बिक्री दर १७ रुपैयाँ ३८ पैसा तय गरेको छ ।रासस


# कर्णालीमा अझै आयोडिनयुक्त नुन पु-याउनै कठिन

काँक्रेविहार । कर्णालीमा अझैपनि आयोडिनयुक्त नुन पु-याउनै कठिन छ । साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले कर्णालीका सबै डिपोहरुमा नुन ढुवानी गरिरहेको छ ।

सरकारले ढुवानी भाडामा अनुदान दिइ साल्ट ट्रेडिङले कर्णालीका जिल्लामा आयोडिनयुक्त नुन सहुलियतामा बिक्री गर्दै आएको छ । उपल्लो डोल्पाको तिन्जे बिक्री केन्द्रबाहेक अन्य ठाउँमा आयोडिनयुक्त नुन पु-याउने क्रम जारी रहेको साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको प्रदेश कार्यालय, नेपालगञ्जका प्रमुख मनोज चौधरीले जानकारी दिनुभयो ।

चीन सरकारले अनुमति नदिएका कारण उपल्लो डोल्पामा नुन ढुवानी गर्न नसकिएको साल्ट ट्रेडिङले जनाएको छ । कर्णालीका पूरै र लुम्बिनीमा आयोडिनयुक्त नुन नेपालगञ्जबाट ढुवानी गरिँदै आएको छ । कर्णालीका हुम्ला, मुगु र डोल्पामा आयोडिनयुक्त नुन नपुग्ने समस्या यो वर्ष समाधान भएको प्रमुख चौधरीले जानकारी दिनुभयो । कर्णालीका जिल्लाहरुमा प्रति पोका रु नौ रुपैयाँले आयोडिनयुक्त नुन बिक्री हुने गरेको छ ।

ढुवानीमा अनुदानका कारण उक्त नुन प्रतिकिलो नौ रुपैयाँ परेको उहाँले बताउनुभयो । डोल्पाको सदरमुकाम दुनैमा दुई हजार पाँच क्वीन्टल कोटामध्ये हालसम्म एक हजार एक सय क्वीन्टल नुन ढुवानी भइसकेको छ । जुफाल डिपोमा पाँच सयमध्ये तीन सय क्वीन्टल, काइगाउँमा तीन सय कोटामध्ये हालसम्म नुन पु-याइएको छैन । ढुवानीको क्रममा बाटोमै रहेको साल्ट ट्रेडिङले जनाएको छ ।



त्रिपरासुन्दरीको लिकुमा तीन सय कोटा निर्धारण गरिएकामा ढुवानीको क्रममा रहेको प्रदेश कार्यालय, नेपालगञ्जका प्रमुख चौधरीले जानकारी दिनुभयो । मुडकेचुलाको सर्मीमा तीन सय क्वीन्टलमा सबै नुन पुगेको उहाँको भनाइ छ । तिन्जेमा एक हजार आठ क्वीन्टल कोटा निर्धारण गरेकामा हाल सम्म पु-याउन सकेको छैन ।

हुम्ला सदरमुकाम सिमीबोटमा एक हजार छ सय क्वीन्टल कोटा निर्धारण गरिएकामा हालसम्म एक हजार एक सय ५० क्वीन्टल ढुवानी भइसकेको छ । याल्वाङ डिपोमा पाँच सय क्वीन्टल कोटा निर्धारण गरिएकामा हालसम्म ढुवानी हुन सकेको छैन । सार्केगाडमा नौ सय क्वीन्टलमध्ये ढुवानीको क्रममा बाटोमा रहेको प्रदेश प्रमुख चौधरीले जानकारी दिनुभयो । श्रीकोट डिपोमा नौ सय क्वीन्टल कोटा भएकोमा ढुवानीको क्रममा छ । सदरमुकाममा भने हवाई मार्गबाट नुन ढुवानी गर्ने कार्ययोजना रहेको छ । श्रीकोट र सार्केगाड साल्ट ट्रेडिङ् कर्पोरेशनका बिक्री केन्द्र हुन् ।

मुगु सदरमुकामका डिपोमा दुई हजार पाँच सय क्वीन्टलको कोटा रहेकामा हालसम्म एक हजार एक सय क्वीन्टल ढुवानी भइसकेको छ । बाँकी ढुवानीको क्रममा छ । सोरुकोटमा नौ सय क्वीन्टलमध्ये पाँच सय क्वीन्टल ढुवानी भएको छ । श्रीकोटमा नौ सय क्वीन्टल ढुवानी भएको छ । मुगुमकार्मरोङ गाउँपालिकामा एक हजार क्वीन्टल कोटा रहेकामा हालसम्म ढुवानी भएको छैन । सदरमुकामबाट नै यहाँको माग र आपूर्ति व्यवस्था हुँदै आएको साल्ट ट्रेडिङले जनाएको छ ।

जुम्लाका सबै स्थानीय तहमा नुन पु-याउन स्थानीय तहहरुसँग सहकार्य भइ सोही अनुसार ढुवानी भइरहेको चौधरीले जानकारी दिनुभयो । उहाँका अनुसार सदरमुकाममा चार हजार क्वीन्टलमध्ये दुई हजार एक सय ५० क्वीन्टल ढुवानी भएको छ । नराकोटमा एक हजारमा हालसम्म चार सय ५० क्वीन्टल पठाएको छ । गोरुचौरमा एक हजारमध्ये पाँच सय क्वीन्टल नुन पु-याएको छ ।

जाजरकोटका सात पालिकामध्ये सदरमुकामसहित चार ठाउँमा नुन बिक्री हुँदै आएको छ । सदरमुकाममा दुई हजार पाँच सयमा एक हजार दुई सय मात्र ढुवानी भएको छ । नलगाडको दल्लीमा एक हजार पाँचमा छ सय क्वीन्टल ढुवानी भएको छ ।

पश्चिम जाजरकोटको थलहमा एक हजार दुई सय क्वीन्टलमध्ये चार सय ५० क्वीन्टल ढुवानी भएको छ । तागामा तीन सय क्वीन्टल कोटामध्ये सबै पुगेको छ । रुकुम पश्चिमको ४ हजार पाँच सय क्वीन्टल कोटा मध्य हाल सम्म आठ सय ५० क्वीन्टल ढुवानी भएको छ । चौरजहारीमा आठ सय क्वीन्टल मध्य तीन सय ४० क्वीन्टल मात्र ढुवानी भएको छ ।

कालिकोटमा तीन हजार पाँच सय क्वीन्टल मध्ये सात सय ५० क्वीन्टल ढुवानी भएको छ । रासकोट डिपोमा एक हजार दुई सय क्वीन्टलमध्ये दुई सय ४० क्वीन्टल ढुवानी भएको छ । बाँकी ढुवानीको प्रक्रियामा छ । ठेक्का प्रक्रियाबाट ढुवानी हुने भएकाले ढुवानीकर्ताले आफू अनुकुलमा ढुवानी गर्दै आएका छन् । उपल्लो डोल्पामा कोभिड देखि आयोडिन युक्त नुन ढुवानी हुन सकेको छैन ।रासस

# अन्नपूर्ण क्षेत्रमा एक महिनामै ३३ हजार बढी पर्यटक

गण्डकी । अन्नपूर्ण संरक्षण क्षेत्रमा गत कात्तिक महिनामा ३३ हजार तीन सय १० विदेशी पर्यटक भित्रिएका छन् । जसमध्ये दक्षिण एसियाली मुलुकका ११ हजार छ सय ७८ र अन्य मुलुकका २१ हजार छ सय ३२ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ ।

आयोजना प्रमुख डा रविन कडरियाका अनुसार गत साउनयता ८३ हजार ३१ विदेशी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका हुन् । गत वर्ष सोही अवधिमा ६७ हजार चार सय ४२ जना पर्यटकले 'एक्याप'को भ्रमण गरेका थिए । गत आवमा दुई लाख २२ हजार एक सय ८० पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेकामा चालु आवमा दुई लाख ५० हजारभन्दा बढी पर्यटक भित्रने अपेक्षा एक्यापको छ ।

गत असोजयता पर्यटकको आवागमन बढेको उहाँको भनाइ छ । असोजमा ३० हजार सात सय ३२ विदेशी पर्यटक उक्त क्षेत्र भ्रमणका लागि पुगेका थिए । जसमा एसियाली मुलुकका ११ हजार नौ सय ८५ र अन्य मुलुकका १८ हजार सात सय ४७ पर्यटक थिए । अन्नपूर्ण चक्रीय पदमार्ग आसपासका गन्तव्यस्थलमा पुग्ने विदेशी पर्यटकको सङ्ख्या गत वर्षभन्दा यसवर्ष बढेको एक्यापले जनाएको छ ।




अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरिएको छ । सडक र हवाई मार्ग भएर बर्सेनि उल्लेख्य सङ्ख्यामा आन्तरिक पर्यटक एक्यापका विभिन्न गन्तव्यस्थल पुग्ने गरेका छन् ।

हाल मुख्य पर्यटकीय याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटकको बाक्लो चहलपहल देखिएको उहाँको भनाइ छ । दोस्रो मुख्य पर्यटकीययाम सुरु हुँदासम्ममा यो वर्षको पर्यटक आवागमन उल्लेख्य मात्रमा बढ्ने अनुमान गरिएको आयोजना प्रमुख कडरियाले बताउनुभयो ।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ । पर्यटक पथप्रदर्शक दिवस गुरुङका अनुसार अन्नपूर्ण क्षेत्र प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको हो । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिन्छ । रासस

# नेपाली माछाले बजार पाएन

चितवन । भारतीय माछाका कारण नेपाली माछाले बजार नपाउँदा किसान चिन्तित बनेका छन् । सिमाबाट भन्सार छलेर आएका माछाका कारण यहाँ उत्पादित माछाले बजार पाउन नसकेको किसानहरुले गुनासो गरेका छन् ।

मत्स्य व्यवसायी सङ्घ चितवनका सचिव लुलाराज तामाङ्का अनुसार अहिले माछापालन गर्ने किसान माछा बिक्री नहुँदा निराश बनेका छन् ।

उहाँले भन्नुभयो, "अहिले मात्रै चितवनमा ३०० टन माछा बिक्रीका लागि तयारी अवस्थामा रहेको छ ।" बिक्रीका लागि तयारी अवस्थामा रहेका माछाले बजार नपाउँदा किसान आफै भन्सार छलेर आएका माछाको निगरानीमा लागेका छन् ।

भन्सार छलेर आएका माछा सस्तो मूल्यमा पाइने र नेपाली माछाले सो मूल्यसँग प्रतिस्पर्धा गर्न नसकेको तामाङले बताउनुभयो । काठमाडौँको बजारमा मात्रै दैनिक १५ टन माछा बिक्री हुने गरेको भए पनि अहिले नेपाली माछा नगन्य रुपमा मात्रै काठमाडौँ भित्रिने गरेको उहाँले बताउनुभयो । यहाँको माछाको बजार काठमाडौँ, पोखरालगायतका ठाउँ हुने गरेको भए पनि अहिले माछा खपत कम भएको सङ्घका सदस्य नीरञ्जन थापाले बताउनुभयो ।

थापाका अनुसार अहिले भन्सार छलेर आएका माछाको निगरानीका लागि काठमाडौँ, पोखरा प्रवेश गर्ने नाकामा सशस्त्र प्रहरी बलको सहयोगमा निगरानी बढाइएको उहाँले बताउनुभयो ।

मङ्सिर र पुस महिनाभित्र नेपाली उत्पादनलाई बजारमा लगिसक्नुपर्ने भन्दै उहाँले यस्तै अवस्था रहे नेपालको उत्पादनले बजार पाउन कठिन हुने गुनासो गर्नुभयो । रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## नामसारी सम्बन्धी हकदावा बारे ३५ दिने सार्वजनिक सुचना

रौतहट साविक गाविस औरेया वड़ा नं, ३ हाल ईशनाथ न.पा. वडा न. २ मा बस्ने भगलु बैठा धोवीनको नाती तिलो बैठा धोबीको छोरा छठु बैठा धोबीले आफनो काकी नाता पर्ने पावना धोबीनको नाममा दर्ता रहेको तपसिलको जग्गाको नामसारी माग गरेकोमा मोठ श्रेस्तामा माठ कायम रही रोक्का नदेखिएको साथै तिनपुस्ते समेत नरहेको र दर्तावाला पानवा धोवीन मिती २०६०।१२।११ मा र निजको पति जलधर बैठा मिति २०३३ साल अगावै निज पानवा धोवीन र निजको पती जलधर वैठाको दाम्पत्य वाट छोरा छोरी नभई निज निशन्तान प्रलोक भई निज मृत्यु शेष पछि हकभोग हक खाने एक मात्र भतिजो छठु वैंठ धोवी मात्र रहेको निज निवेदक छठु बैठा धोवीको नाउँमा एकलौटी नामसारी गरिदिन भनि ईशनाथ न.पा.२ औरैयाको चलनी न.२४३ मिती २०८१/०८/०२ को सिफारीस भै आएको ज.ध. श्रेस्तमा पानवा धोवीन नागरीकतामा प्र.प. पानवा देवी रहेको समेत रहेकोले सोको हकदाबी वारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजका तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, 'असंर पर्ने भए वा नामसारी हनु नपने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पुर्वकको वारेस मार्फत यो सुचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन वमोजिम नामसारी भे जाने छ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | औरैया | ५ | २९५ | ०-१-० | पनवा धोबीन, औरैया ७ |



## Mithila Bihari Municipality
## Office of the Municipal Executive
### Tarapatti, Dhanusa
### Madesh Pradesh

## Notice for The Letter of Intent (LOI)

First Date of publication: 19th November 2024 A.D. (2081/08/04)

Pursuant to sub-clauses 27.2 and 27.3 of Public Procurement Act 2063 (revised) , this is to notify all the bidders who submitted their bid for the contract identification number 02/02/2080-81/NCBW/BW/MBM (NA.PA. BHITRA NAYA ADHURO BHAWAN NIRMAN KARYA) as per the invitation for bid published in the national daily newspaper Janakpur today on 7/6/2024 , that the following listed lowest evaluated Substantially responsive bidder has been selected to award the contract .

| S. N | Contract ID No. and Name | Lowest Evaluated Substantially Responsive Bidders | Bid Price |
|---|---|---|---|
| 1 | 02/02/2080-81/NCBW/BW/MBM (NA. PA.BHITRA NAYA ADHURO BHAWAN NIRMAN KARYA) | Kanchan Infra pvt. Ltd,Janakpur-12 | NRS. 17,602,731.11 |

**Chief Adminstrative Officer**

# कारागारकै कर्मचारी यादवविरुद्ध पक्राउ पूर्जी

**टुडे समाचारदाता**

राजविराज । राजविराज कारागारमा बन्दी जीवन बिताइरहेकी एक महिला कैदीलाई बलात्कार गरेको आरोप लागेका सोही कारागारका कर्मचारी विरुद्ध अदालतले पक्राउ पूर्जी जारी गरेको छ ।

राजविराज ८ का चन्दन भनिने चन्द्रनारायण यादवविरुद्ध सप्तरी जिल्ला अदालतले आइतबार पक्राउ पूर्जी जारी गरेको छ । ३० वर्षीय यादव राजविराज कारागारका कार्यालय सहयोगी हुन् । विगत १७ वर्षदेखि करार सेवामा कार्यरत यादवविरुद्ध पक्राउ पूर्जी जारी भएसँगै उनको करार सम्झौता रद्द गरिएको जेलर प्रवीण कुमार अधिकारीले जानकारी दिए ।

पीडित भनिएकी महिलाले ८ महिना अघि कार्यालय सहयोगी यादवले कारागारको प्रशासनिक कक्ष नजिकैको बिजुली घरमा लगेर बलात्कार गरेको भन्दै उनी विरुद्ध जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिएकी थिइन् । ती महिला हाल उदयपुर जिल्ला कारागारमा बाँकी जेल सजाय भुक्तान गरिरहेकी छन् ।

राजविराज कारागारमा कैद सजाय भुक्तान गरिरहेकी बखत २०८० माघ ५ गते दिउँसो ४ बजेतिर कार्यालय सहयोगी चन्दनले "जरुरी काम छ भन्दै बिजुली घरमा लगेर डर, त्रास र धम्की दिँदै बलात्कार गरेको" उनले जाहेरीमा उल्लेख गरेकी छन् ।

सो जाहेरी जिल्ला प्रहरी कार्यालय उदयपुरहुँदै जिल्ला प्रहरी कार्यालय सप्तरी आइपुगेपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो । पीडित भनिएकी महिला २०७६ साउन १६ देखि कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र आत्महत्या दुरुत्साहन कसुरमा बन्दी जीवन बिताइरहेकी छन् ।

यादव विरुद्ध पक्राउ पूर्जी जारी भएपछि उनको खोजी कार्य थालिएको प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले बताए । आरोपी चन्दनले भने ती महिलाले लगाएको आरोप असत्य रहेको दाबीका साथ आफू विरुद्ध पक्राउ पूर्जी जारी भएकाले एक दुई दिनभित्रै अदालतमा उपस्थित भई आफ्नो पक्ष राख्ने बताएका छन् ।

# सप्तरीको उपनिर्वाचनमा एकमात्र महिला उम्मेदवार

**मनोज माझी**



राजविराज । उम्मेदवारी दर्ता संगै सप्तरीको डाक्नेश्वरी नगरपालिकाको २ वटा वडामा चुनावी गतिविधि बढेको छ । उक्त पालिकाको १ र ४ गरी दूई वडामा वडाअध्यक्ष पदका लागि उपनिर्वाचन हुने भएको छ । निर्वाचन हुने ती दुबै पदमा यसअघि काँग्रेसका क्रमशः प्रितम लाल चौधरी र हरि प्रसाद राय चुनाव जितेका थिए । चौधरी र राय दुबैको निधन भएका कारण रिक्त हुन गएको पदका लागी मंसिर १६ गते उपनिर्वाचन हुन लागेको छ ।

यसअघि ती दुबै पद काँग्रेसले जितेकाले यसलाई कायम राख्न र निरन्तरता दिन काँग्रेसमाथि चर्को दबाव छ ।

काँग्रेसले वडा न १ बाट भुलिया देवी चौधरी र ४ बाट जोगेन्द्र रायलाई उम्मेदवार बनाएको छ । भुलिया देवी निधन पूर्व वडाअध्यक्ष प्रितमलाल चौधरीका श्रीमती हुन् ।

उनी एकमात्र महिला उम्मेदवार हुन् । जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीका अनुसार आईतवार तोकिएको समय भित्र भएको मनोनयन दर्ता गर्ने १७ मध्ये नेपाली काँग्रेसकी भुलिया देवी चौधरी उम्मेदवारी दर्ता गराउने एक मात्र महिला उम्मेदवार रहेकी छन् ।

जनमत पार्टीले यहाँबाट वडा नं. १ मा शैलेन्द्र कुमार साह र ४ नं वडामा उदय नारायण पण्डितलाई चुनावी मैदानमा उतारेको छ । नेकपा एमालेले वडा नं १ बाट भगवानी साह र ४ बाट संजय कुमार यादवलाई उम्मेदवार बनाउँदा नेकपा (माओवादी केन्द) ले वडा नं.१ बाट प्रमोद कुमार सन्त र ४ बाट भागवत रामलाई चुनावी प्रतिस्पर्धामा उतारेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले वडा नं.१ बाट सतिष कुमार चौधरी थारु र ४ बाट राम कुमार यादवलाई उम्मेदवार बनाएको छ । नागरिक उन्मुक्ती पार्टीले वडा नं.१ बाट अनरुद्ध प्रसाद चौधरी र ४ बाट शिव कुमार रामलाई उम्मेदवार बनाएको छ । यहाँ जसपा नेपालबाट छुट्टिएर अशोक राई नेतृत्वमा बनेको जसपाले पनि उम्मेदवार खडा गरे पछि चुनावी प्रतिस्पर्धा रोचक बनेको छ ।

जसपाले वडा नं.१ बाट कसैलाई उम्मेदवार न बनाएपनि ४ बाट भने रवीन्द्र यादवलाई चुनावी मैदानमा उतारेको छ । जस कारण जसपा नेपालको उम्मेदवारलाई चिन्ता बढाएको छ । यहाँ २ स्वतन्त्र सुशिला साह र सियाकान्त चौधरीले पनि उम्मेदवारी दिएका छन् ।

यसरी २ पदका लागी हुने निर्वाचनमा विभिन्न दल र स्वतन्त्र गरी १७ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । अहिले सबै उम्मेदवार र दलका नेताहरु घर-दैलो कार्यक्रम सहित चुनावी रणनीति बनाउन व्यस्त भएका छन् ।

आफ्ना प्रतिनिधि छान्ने ५ वर्षमा दोश्रो पटक अवसर पाउँदा मतदाता पनि उत्साहित छन् ।

उपनिर्वाचन हुने डाक्नेश्वरी नगरपालिकाको वडा नं. १ मा २ हजार ६ सय ३५ र वडा नं. ४ मा १ हजार दुई सय ८१ मतदाता छन् । मतदानका लागि तीन मतदान स्थल र पाँच मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# कप्तान पूजालाई अभिनन्दन

**टुडे समाचारदाता**

नेपाली महिला यू-१९ क्रिकेट टिमकी कप्तान पूजा महतोलाई गौशाला नगरपालिकाले नागरिक अभिनन्दन तथा नगर परिक्रमा गराएको छ। गौशाला नगरपालिका वडा नं.११ बाट सुरु गरिएको नागरिक अभिनन्दन अन्तर्गत नगरबासीले कप्तान महतोलाई टोल-टोलमा स्वागत गरेको वडा नं.११ का वडाअध्यक्ष रामपृत महतो कोईरीले जानकारी दिए।

नेपाललाई विश्वसमक्ष चिनाउनका लागि सफल गौशालाकी चेली पूजालाई सम्मानस्वरुप नागरिक अभिनन्द गरेको वडाध्यक्ष कोईरीले जानकारी दिए। उनलाई नगरबासीले बधाई दिँदै अगामी दिनमा अझ सफलता प्राप्त गर्ने आशीर्वाद दिएका छन्। कप्तान महतोलाई गाडीमा राखेर नगरबासीले नगर परिक्रमा गराएका छन्।

इमलीबजारबाट सुरु गरेको विजयी यात्रा गौशाला नगरपालिकाको नगर परिक्रमा गर्दै पुनः इमलीबजारमा गई समापन भएको थियो।गृह जिल्ला पुग्दा महोत्तरी क्षेत्र नम्बर १ का सांसद लक्ष्मी महतो, गौशाला नगरपालिकाका नगर प्रमुख दिपेन्द्र महतो, उपप्रमुख रेणु महतो लगायत नगरबासीले फुल माला लगाई भव्य स्वागत गरेका हुन्।

पूजाको कप्तानीमा यूएईलाई हराउँदै आइसिसी यु-१९ महिला टी-२० विश्वकप एसिया छनोटको उपाधि जित्न सफल भएको छ। नेपालले अगामी जनवरी-फरबरीमा मलेसियामा हुने यु-१९ महिला टी-२० विश्वकप र डिसेम्बरमा मलेसियामै हुने यु-१९ महिला एसिया कप खेल्न अवसर पाउनेछ।

# मन्त्री जयसवालद्वारा एलिसालाई सम्मान

**टुडे समाचारदाता**

बारा । अन्डर १९ महिला क्रिकेट प्रतियोगिताको विश्वकपमा छनोट भएकी खेलाडी बाराकि एलिसा यादवलाई मधेश प्रदेश सरकारका खेलकुद मन्त्री प्रमोद जयसवालले दोसल्ला ओढाई सम्मान गरेका छन् ।



एसिया क्वालिफयरमा शीर्ष स्थानमा रहँदै युथ-१९ एसिया कप तथा अन्डर -१९ विश्व कपमा क्वालिफाई भएको नेपाली क्रिकेट टोलकी सदस्य पचरौता नगरपालिका हाल कलैया उपमहानगरपालिका वडा नं.४ की एलिशालाई मन्त्री जयसवालले घरमा नै पुगी उनी सहित उनको बुवा र आमालाई सम्मान गरेका छन् ।

क्रिकेट प्रतियोगिताको मार्फत बारा जिल्लाको नाम चिनाउने साहसी खेलाडी यादवलाई सम्मान गर्दै मन्त्री जयसवालले एसिया र विश्वकप समेत जितेर देशको नाम संगै मधेश प्रदेश र बारा जिल्लाको नाम रोशन गर्नका लागि दतचित भइ लाग्न आग्रह समेत गरे ।

बाराको माटोसंग खेलको नाता गहिरो रहेको बताउदै सो अनुरुप यहाँका खेलाडीहरु विभिन्न खेलहरु जस्तै हक्की, कबडी, भलिबल, फुटवल, क्रिकेट जस्ता खेल प्रतिनिधिकै नै रुची राखी अनुशासित भइ राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडीहरु बनेको इतिहास साक्षी नै रहेको बताउदै मन्त्री जयसवालले आउने दिनहरुमा अझै यी खेल भन्दा अन्य खेलहरुमा राष्ट्रिय, अन्तरष्ट्रिय ख्याति प्राप्त गर्नेतिर अग्रसर हुन सबैलाई अपिल समेत गरे ।

खेल र खेलाडीहरुलाई मधेश प्रदेश सरकारले पहिला देखि नै महत्वपूर्ण स्थानदिने गरेको बताउँदै मन्त्री जयसवालले आउने दिनहरुमा खेल र खेलाडीहरुको संरक्षण एवम सम्वर्द्धन गर्ने कुरामा कुनै कमी हुन नदिने प्रतिवद्धता ब्यक्त गरेका थिए ।

खेलाडीहरु देश कै गहना भएको कुरालाई आत्मसात गर्दै अहिले प्रदेश सरकार विभिन्न खेलका खेलाडीहरुको संख्या संकलन गरिरहेको छ भने अर्को तर्फ मधेश प्रदेशको ८ वटै जिल्लामा कहाँ , कहाँ खेल मैदानहरु रहेको छ कुन अवस्थामा छ त्यसको समेत विवरण संकलन गर्ने काम तीव्र रुपमा भइरहेको जानकारी दिदै खेलाडीहरुलाई बीमा गर्ने कामको पनि थालनी भइसकेको जानकारी दिए ।

खेलमा लागेर विभिन्न खेल विधाका खेलाडीहरु आफनो जीवनको पुरै समय बिताइ सकेर खेलमा आराम गरिरहेको अवस्थालाई समेत दृष्टिगत गरी उनीहरुको हकमापनि उनीहरुको परिवारजनको लालनपालनमा केही हदसम्म सहयोग होस भने उद्देश्यका साथ पेन्सनको व्यवस्था गर्ने कि भन्ने सोच अगाडि ल्याएको मन्त्री जयसवालले भने ।

निकट भविश्यमा नै मधेश प्रदेशबाट प्रतिनिधित्व गर्ने खेलाडीहरुलाई जनही एक लाख पचास हजारको दरले पुरुस्कार दिने सोच राखेको मन्त्री जयसवाले जानकारी दिए ।

सम्मानित भएपछि आफनो छोटो प्रतिक्रिया दिदै खेलाडी यादवले सम्मानले हौसला अझै बढाएको बताउदै आफु भित्र जोस, जागर प्रगाढ भएको र खेल्नलाई हौसला पाएको भन्दै एसिया कप र विश्वकप जित्ने गरी प्रतियोगिताको तयारीमा होमिएको बताइन् । हाम्रो मेहनत, लगन संगै भाग्यले साथ दिए र समय जुरयो भने जित कसैले रोक्न नसक्ने उनले भनिन् ।

सम्मान कार्यक्रममा कलैया क्रिकेट क्लब बाराका अध्यक्ष प्रभात चौरसिया, कलैया उपमहानगरपालिकाका अध्यक्ष तसरुदिन मंसुर,खेलाडी सुभाष जयसवाल, वडाअध्यक्षहरु पुरुषोतम सिह पाण्डेय,अशोक तिवारी, रामेश्वर यादवलगायतकाको उपस्थित रहेको थियो ।

# जनकपुर बोल्ट्सको जर्सी सार्वजनिक




**टुडे समाचारदाता**

जनकपुरधाम । मङ्सिर १५ गतेबाट हुन लागेको एनपीएल अन्तर्गत फ्रेन्चाइज टिमको रुपमा सहभागी हुन लागेको जनकपुर बोल्टस्को जर्सी जनकपुरधाममा सार्वजनिक गरिएको छ ।

मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद कुमार जयसवाल तथा जनकपुर बोल्टस् कप्तान आशिफ शेखले विशेष कार्यक्रमका बीचमा जर्सी सार्वजनिक गरेका छन् । कार्यक्रममा टिमका तर्फबाट फेस अफ दि बोल्टस् अन्डर १९ महिला टिमका कप्तान पूजा महतो घोषणा गर्नुका साथै अन्डर १९ महिला वल्ड कपमा क्वालिफायर गरेकोमा टिमका तर्फबाट महतोलाई नगद ५० हजार सहित सम्मानित गरिएको थियो ।

प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद कुमार जयसवालले मधेश प्रदेश सरकारले मधेशमा खेलकुदको विकास गर्नका लागि केही दिन अगाडि मात्र खेलकुदको विधेयक प्रदेश सभाबाट सर्वसम्मतिले पारित गरेर प्रदेश प्रमुखबाट प्रमाणीकरण भएर राजपत्रमा प्रकाशनको क्रममा रहेकाले विधेयक खेलकुदको विकासका लागि कोशेढुङ्गा सावित हुने बताए ।

नेपाल क्रिकेट संघका केन्द्रीय उपाध्यक्ष रोशन सिंहले मधेश प्रदेशमा खेलकुदको व्यापक सम्भावना भएको बताउँदै प्रदेश सरकारले खेलकुदको विकासमा अझ बढी सक्रियता देखाउन आवश्यक भएको धारणा राखे ।

जनकपुर बोल्ट्सका डाइरेक्टर अलि श्रेष्ठको अध्यक्षतामा भएको सो कार्यक्रममा जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार, मटिहानी नगरपालिकाका प्रमुख हरि मण्डल, भङ्गहा नगरपालिका प्रमुख सञ्जीव कुमार साह, नेपाल क्रिकेट संघका मधेश प्रदेश अध्यक्ष सुनिल महासेठ र अन्डर १९ महिला टिमका कप्तान पूजा महतोले नेपालका क्रिकेट खेलको व्यापक सम्भावना भएको बताए ।

# गढीमाई मेला संरक्षण समितिको संयोजकमा नगरप्रमुख जैसवाल

**दिलीप पाण्डे**

रौतहट । रौतहटको कटहरिया नगरपालिकाका नगर प्रमुख अजय प्रकाश जैसवाल गढीमाई मन्दिरमा आयोजित पञ्चवर्षीय गढीमाई मेला संरक्षण समितिको संयोजकमा निर्विरोध चयन भएका छन् ।



गढीमाई मेला ऐतिहासिक र धार्मिक महत्व बोकेको पवित्र मेला हो, जुन प्रत्येक पाँच वर्षमा आयोजना हुने गर्दछ ।

मेलालाई व्यवस्थित बनाउने र यसको संरक्षणका लागि समिति गठन गरिएको छ । नगर प्रमुख जैसवालले कटहरिया नगरपालिका र छिमेकी गरूडा नगरपालिकाका विभिन्न वडाहरूबाट प्रतिनिधित्व हुने गरी समिति निर्माण गर्ने बताएका छन् ।

समितिमा प्रत्येक वडाबाट सदस्य चयन गरिनेछ । नगर प्रमुख जैसवालले गढीमाई मेलालाई यसपटक भव्य र ऐतिहासिक बनाउनका लागि विशेष योजनाहरू अघि बढाएको बताए ।

मेलाको सफल व्यवस्थापनका लागि नगरपालिकाले विशेष बजेट विनियोजन गर्ने र आवश्यक स्रोत साधन जुटाउने उनले प्रतिबद्धता जनाएका छन् । कटहरिया वडा नं. ६ को दुधियाभार स्थित गढीमाई मन्दिरमा आयोजित बैठकमा नगर प्रमुखसँगै विभिन्न वडाका अध्यक्ष र स्थानीय व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

बैठकमा कटहरिया वडा नं. ६ का अध्यक्ष जयराम चौधरी, वडा नं. ७ का अध्यक्ष शहिद मिया धोबी, वडा नं. ४ का अध्यक्ष चंदन कुशवाह, गरूडा नगरपालिका क्षेत्रका समाजसेवीहरू जस्तै गरुडाका मेयर प्रत्याशी बृजकिशोर यादव, गरुडा नगरपालिकाको वार्ड नं.५ का रामबिनोद जैसवाल, शम्भु कान्त यादव, हरेन्द्र यादव, बाल्मिकी यादव, अंजित कुश्वाहा, रामभरोस यादब, लगायत सयौं स्थानीयहरूको सहभागिता रहेको थियो ।

गढीमाई मेला नेपालको मधेश क्षेत्रको एक महत्वपूर्ण धार्मिक मेला हो जुन पाँच बर्षमा लाग्ने गर्दछ । यस मेलामा देशभरका साथै भारतका विभिन्न भागहरूबाट पनि श्रद्धालुहरूको ठूलो संख्यामा उपस्थिति रहन्छ । गढीमाईको पूजा र बलिदान परम्पराका साथै मेलाको सांस्कृतिक गतिविधिहरूले यसलाई विशेष महत्व दिलाएको छ ।

मेलास्थलमा सफाइ व्यवस्था, सुरक्षा मापदण्ड, श्रद्धालुहरूका लागि आवास तथा खानपानका सुविधा, यातायात व्यवस्थापन, र धार्मिक अनुष्ठानहरूलाई सहज बनाउने प्रयास गरिने बताइएको छ ।

# निजी विद्यालय र कलेज अनिश्चितकालका लागि बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिकाका सम्पूर्ण निजी विद्यालय सोमबारदेखि अनिश्चितकालका लागि बन्द भएको छ।

निजी विद्यालयका संगठनहरुले संयुक्तरुपमा एक प्रेस विज्ञप्ति जारी गर्दै सोमबारदेखि अनिश्चितकालका लागि संस्थागत विद्यालयहरु बन्द गर्ने निर्णय गरेको थियो । हिसान, प्याबसन तथा एनप्याबसनले संयुक्त विज्ञप्ति जारी गर्दै कक्षा ११ र कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको हकमा जनकपुरधाम उपमहानगरपालिका र नेपाल विद्यार्थी संघबीच भएको सम्झौता सच्याउन आग्रह गरिए पनि बेवास्ता गरेको भन्दै सोमबारदेखि संस्थागत विद्यालयहरु बन्द गरिएको छ।

संयुक्त रुपमा जारी गरिएको सो विज्ञप्तिमा भनिएको छ 'जनकपुरधाम नगर भित्र सञ्चालित संस्थागत विद्यालयहरुमा 'छात्रवृत्ति वितरण व्यवस्थापन समिति' मिति भदौ १३ गतेको निर्णयानुसार छात्रवृत्ति वितरण व्यवस्थापन कार्यविधि २०७४ बमोजिम छात्रवृत्तिमा छनोट विद्यार्थीहरुलाई कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययनका लागि मिति भदौ १४ गतेमा हिसान धनुषा आवद्ध संस्थागत विद्यालयहरुमा पत्राचार गरेको र कार्यविधि २०७४ को ५.२ (ङ) बमोजिम सिफारिस भएको विद्यार्थीहरुबाट भर्ना शुल्क, मासिक शुल्क र परीक्षा शुल्कबाहेक अन्य शुल्क लिन सक्ने व्यवस्था रहेको र सोही अनुसार गर्दै आए पनि पुनः कार्तिक १४ गते फरक किसिमको निर्णय भई आएको हुँदा सो शुल्कमा पढाउन नसकिने भएकाले यसलाई सच्याउन उपमहानगरलाई पत्रमार्फत आग्रह गरिएको थियो ।'

जनकपुरधाम उपमहानगरपालिकाले पत्र अनुसार केही पहल नगरेकाले सम्पूर्ण निजी विद्यालयहरु मंसिर ३ गतेदेखि अनिश्चितकालका लागि बन्द गर्न बाध्य भएका छौं जारी गरिएको सो विज्ञप्तिमा भनिएको छ । केही दिन अघि हिसान, प्याबसन तथा एनप्याबसनले संयुक्त रुपमा पत्रकार सम्मेलन गर्दै जनकपुरधाम उपमहानगरपालिकाले विद्यालय भर्ना शुल्क निर्धारणसम्बन्धी गरेको निर्णयप्रति आपत्ति जनाउँदै फिर्ता लिन चेतावनीसमेत दिएको थियो ।

जनकपुरधामउपमहानगरपालिकाले छात्रवृत्ति वितरणमा मनोमानी गर्दै आएकोले छात्रवृत्ति वितरण व्यवस्थापन समिति गठनको माग गरेको प्याबसन जनकपुरधामका अध्यक्ष दीपक ठाकुरले बताए ।

यता जनकपुरधाम उपमहानगरपालिकालेबन्दकार्यक्रम स्थगित गरी वार्तामा आउन आह्वान गरेको छ ।

## लैङ्गिक हिंसाबाट सचेत बनौं

शारीरिक हिंसाः

- कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घरबाट निकाला गर्ने,

मानसिक हिंसाः

- गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

यौनजन्य हिंसाः

- यौन दुर्व्यवहार गर्ने, योन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहव्यापारमा लगाउने, यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटना विरुद्ध सचेत होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८